सञ्चालक समितिबाट स्वीकृत

**हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड**

**हात्तीसार, काठमाण्डौ**

# चार वर्षे रणनीतिक योजना

**(आर्थिक वर्ष २०७८/७९ देखि २०८१/८२ सम्म)**




रणनीतिक स्तम्भहरु





३० असार, २०७८

# हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेण्ट कम्पनी लिमिटेड
# चार वर्षे रणनीतिक योजना
## (आर्थिक वर्ष २०७८/७९ देखि आर्थिक वर्ष २०८१/८२ सम्म)

## १. रणनीतिक योजनाको पृष्ठभूमिः

नेपाल सरकारको जलविद्युत विकासको लक्ष्य पूरा गर्न आवश्यक पर्ने ठूलो परिमाणको एवं दीर्घकालीन प्रकृतिको लगानी योग्य पुँजी परिचालन गर्ने विशिष्टीकृत "वित्तीय संस्था"को आवश्यकता महसुस भइरहेको सन्दर्भमा विभिन्न क्षेत्रबाट दीर्घकालीन वित्तीय स्रोत परिचालन गरी जलविद्युत विकास, प्रसारण तथा वितरणसँग सम्बन्धित आयोजनाहरूमा शेयर वा ऋणका रूपमा लगानी गर्ने प्रमुख उद्देश्यका साथ वि.सं. २०६८ मा स्थापित यस कम्पनीले दश वर्ष पूरा गरिसकेको छ।

जलविद्युतको विकास नै मुलुकको समृद्धिको प्रमुख आधार भएको हुँदा यस क्षेत्रको विकास र लगानीलाई नेपाल सरकारले थप प्राथमिकता र प्रोत्साहन गर्दै आएको छ। आगामी दिनमा यस कम्पनीको आवश्यकता, सान्दर्भिकता र भूमिका अझै बढ्दै जाने प्रष्ट छ। आन्तरिक तथा बाह्य वित्तीय स्रोत परिचालनको माध्यमबाट जलविद्युत आयोजनाहरूको वित्तीय व्यवस्थापनमा नेतृत्वदायी भूमिका निर्वाह गरी नेपाल सरकारको जलविद्युत विकासको लक्ष्य पूरा गर्न कम्पनी प्रमुख सहयोगी संस्था बन्न सक्ने पर्याप्त सम्भावना रहेको छ। तसर्थ, सक्षम, सुदृढ, गतिशील, विश्वसनीय र अग्रणी संस्थाका रूपमा कम्पनीलाई विकास गरी जलविद्युत आयोजनाहरूमा लगानी गर्ने मुलुकको सबै भन्दा ठूलो वित्तीय संस्थाको रूपमा स्थापित गर्ने ध्येयका साथ स्पष्ट रणनीति र कार्ययोजनासहित कम्पनीलाई अघि बढाउन आवश्यक भएको छ।

यसै सन्दर्भमा, कम्पनीको प्रबन्धपत्र तथा नियमावलीले दिएको कार्यदिश, जलविद्युत विकास तथा लगानीको सन्दर्भमा नेपाल सरकारले अवलम्बन गरेको नीति, योजना तथा कार्यक्रम, लगानीको समग्र वातावरणको विश्लेषण एवं कम्पनीले विगतमा अवलम्बन गरेको रणनीति र हासिल गरेको उपलब्धिको समीक्षा समेतका आधारमा कम्पनीको भावी गन्तव्य, लक्ष्य र मार्गचित्रसहितको चार वर्षे रणनीतिक योजना तयार गरिएको छ।

प्रस्तुत रणनीतिक योजनालाई कार्यान्वयन योग्य एवं कम्पनीको वर्तमान तथा भविष्यको आवश्यकतालाई यथार्थ रुपले सम्बोधन गर्ने दस्तावेजको रुपमा विकास

गर्न रणनीतिक योजनाको मस्यौदामाथि कम्पनीको सञ्चालक समितिमा छलफल गर्नुका साथै कम्पनीका प्रवर्द्धक संस्थाहरू, विज्ञ समूह र सरोकारवाला निकायहरुसँग औपचारिक एवं अनौपचारिक रुपमा राय सुझाव सङ्कलन गरी अन्तिम रुप दिई कार्यान्वयनमा ल्याइएको छ।

## २. जलविद्युतमा लगानी तथा विकासको राष्ट्रिय परिदृश्यः

### २.१ विद्युत उत्पादन तथा उपभोगको मौजुदा अवस्थाः

- जलस्रोतको उपलब्धता र अनुकूल भूवनौटको कारणले नेपालमा जलविद्युत विकासको प्रचुर सम्भावना रहेता पनि हालसम्म यस क्षेत्रको वाञ्छित प्रगति हुन सकेको छैन। करिब ६००० भन्दा धेरै ठूला तथा साना नदीनाला र औसत वर्षात १५३० मिलिमिटर रहेको नेपालमा वार्षिक करिब २ लाख २४ हजार मिलियन क्युबिक मिटर पानी बहने गर्दछ। देशमा करिब ८३,००० मेगावाट जलविद्युत उत्पादन क्षमता मध्ये करिब ४२,००० मेगावाट आर्थिक प्राविधिक दृष्टिकोणले सम्भाव्य रहेको भनिए पनि जलविद्युत विकासको ११० वर्षे दौरानमा करिब १४५८ मेगावाट विद्युत मात्र राष्ट्रिय प्रसारणमा जोडिएको छ। केही वर्ष अघिसम्म मात्रै लोडसेडिङको समस्या व्यहोरिरहेको नेपाल हाल सो अवस्थामा नरहे तापनि अझैसम्म आन्तरिक उत्पादनबाट मात्रै विद्युत माग धान्न सक्ने अवस्था देखिँदैन।
- आर्थिक सर्वेक्षण २०७७/०७८ अनुसार २०७७ फागुन मसान्तसम्म राष्ट्रिय ग्रिडमा जडित कुल विद्युत १४५८ मेगावाट पुगेको छ। कुल विद्युत मध्ये जलविद्युतबाट १२९९ मेगावाट, सौर्य प्लाण्टबाट ३०.१४ मेगावाट, थर्मल प्लाण्टबाट ५३.४० मेगावाट, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट ७२ मेगावाट तथा चिनी मिलबाट ३ मेगावाट उत्पादन भएको छ। यस अवधिसम्ममा नेपाल विद्युत प्राधिकरणद्वारा उत्पादन तथा सञ्चालन गरेका जलविद्युत आयोजनाहरुबाट ६४५ मेगावाट र निजी क्षेत्रबाट सञ्चालित आयोजनाहरुबाट उत्पादित ७२७.९४५ मेगावाट विद्युत राष्ट्रिय ग्रिडमा जोडिएको छ।
- नेपाल विद्युत प्राधिकरणको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन अनुसार राष्ट्रिय प्रणालीमा कुल विद्युत उपलब्धता ७७४१ गिगावाट घण्टा GWh रहेकोमा सोमध्ये ३०२१ गिगावाट घण्टा नेपाल विद्युत प्राधिकरणका आयोजनाबाट उत्पादन गरिएको, २९९१ गिगावाट घण्टा स्वतन्त्र उर्जा उत्पादकद्वारा उत्पादन भएको र बाँकी १७२९ गिगावाट घण्टा भारतबाट आयात गरिएको छ। हाल देशमा खपत भएको उर्जाको करिब २२.३३ प्रतिशत आयातको योगदान रहेको छ।

- राष्ट्रिय जलस्रोत नीति, २०७७ अनुसार विद्युत ग्रिडमा जनसङ्ख्याको पहुँच ९० प्रतिशत पुगेको छ भने प्रतिव्यक्ति विद्युत खपत २६० किलोवाट घण्टा रहेको छ। आर्थिक वर्ष २०७७/०७८ को आर्थिक सर्वेक्षण अनुसार २०७७ फागुनसम्ममा ९३ प्रतिशत जनतामा विद्युत पहुँच पुगेको छ।
- जल तथा उर्जा आयोगको २०१७ मा प्रकाशित Electricity Demand Forecast Study अनुसार वार्षिक ७.२ प्रतिशतको कुल ग्राहस्थ उत्पादनको लक्ष्य प्राप्त भएमा सन् २०३० सम्ममा मुलुकमा कुल ११,१११ मेगावाट र सन् २०४० सम्ममा २९,४२७ मेगावाट विद्युतीय उर्जाको आवश्यकता पर्दछ। सो लक्ष्य हासिल भएमा हाल अत्यन्तै न्यून रहेको प्रतिव्यक्ति उर्जा खपत सन् २०३० सम्ममा ८९१ किलोवाट घण्टा पुग्ने देखिन्छ।

## २.२ सर्वेक्षण/उत्पादन अनुमतिको अवस्था र आवश्यक वित्तीय स्रोतको अनुमानः

- विद्युत विकास विभागबाट र लगानी बोर्डको कार्यालयबाट हालसम्म १ मेगावाट भन्दा माथिका कुल १६,४१५.४ मेगावाट क्षमताका २२८ वटा आयोजनाले सर्वेक्षण अनुमति प्राप्त गरिसकेका छन्। यी मध्ये कुल ८३०६.५ मेगावाटका २१७ वटा आयोजनाले उत्पादन अनुमति प्राप्त गरी कार्यान्वयनका विभिन्न चरणमा रहेका छन्। नेपाल विद्युत प्राधिकरणसँग २०७६ वैशाखसम्म कुल ६०४४ मेगावाट क्षमताका ३२५ वटा आयोजनाले विद्युत खरिद सम्झौता गरेका छन्। यी मध्ये कुल ५६०.७ मेगावाटका ६८ वटा आयोजना निर्माण सम्पन्न भई सञ्चालनमा रहेका, कुल २६१३.८ मेगावाटका १२० वटा आयोजना वित्तीय व्यवस्थापन सम्पन्न गरी निर्माणको चरणमा रहेका र कुल २८६९.३८ मेगावाट क्षमताका १३७ वटा आयोजनाको वित्तीय व्यवस्थापन हुन बाँकी रहेको देखिन्छ। यसरी उत्पादन अनुमति प्राप्त गरेका करिब २२६२ मेगावाट क्षमताका आयोजनाहरुको विद्युत खरिद सम्झौता हुन बाँकी रहेको समेत गरी करिब ५ हजार मेगावाट क्षमताका आयोजनाहरुको वित्तीय व्यवस्थापन हुन बाँकी रहेको देखिन्छ।
- यी आँकडाहरुलाई आधार मान्ने हो भने अबका केही वर्षभित्र नै मुलुकमा करिब रु. ७ खर्ब ऋण र रु. ३ खर्ब स्वपुँजी गरी करिब रु. १० खर्बको वित्तीय स्रोतको आवश्यकता रहेको देखिन्छ। यद्यपि हाल मुलुकमा रहेका बैङ्क तथा वित्तीय संस्थाहरूले विभिन्न जलविद्युत आयोजनाहरुमा वित्तीय व्यवस्थापन गर्दै आइरहे पनि अबका वर्षहरुमा ती संस्थाहरुको वित्तीय क्षमता पर्याप्त हुने देखिँदैन। त्यसैले अहिलेको अवस्थामा नेपालमा जलविद्युत क्षेत्रको विकासको लागि आवश्यक पर्ने वित्तीय स्रोत परिचालन गर्ने कार्य अत्यन्तै महत्वपूर्ण रहेको छ।

**२.३ नेपाल सरकारले अवलम्बन गरेको नीतिः**

- नेपालमा उपलब्ध उर्जा उत्पादनको अन्य प्रमाणित एवं भरपर्दो वैकल्पिक स्रोत नभएको अवस्थामा जलविद्युत आयोजना मार्फत् उर्जा उत्पादन गरी यसको आन्तरिक खपतबाट उद्योग, व्यवसाय, पर्यटन क्षेत्रको विकास मार्फत् रोजगारी सिर्जना गर्दै समग्र देशको अर्थतन्त्रको विकासका साथै उर्जा निर्यातको सम्भावनालाई समेत दृष्टिगत गरी जलविद्युत आयोजनाको विकास प्रक्रियालाई अगाडि बढाउनु पर्ने आवश्यकता रहेको छ। त्यसैले जलविद्युतको विकास नै मुलुकको समृद्धिको प्रमुख आधार हो भन्ने कुरालाई आत्मसात गर्दै नेपाल सरकारले हालका वर्षहरुमा जलविद्युत क्षेत्रको विकास र लगानीमा प्राथमिकता एवं प्रोत्साहन गर्दै आइरहेको छ।
- नेपाल सरकारले आर्थिक वर्ष २०७८/०७९ को आय-व्ययको सार्वजनिक जानकारी वक्तव्य मार्फत् जलविद्युतको उत्पादन, उपभोग, वितरण र व्यापारको प्रवर्द्धन गरी सोसँग सम्बन्धित आयोजनाहरुमा लगानी प्रोत्साहित गर्न थप ४३ जिल्लामा विद्युतीकरण गरी उज्यालो नेपाल अभियान सम्पन्न गर्ने, सुक्खायाममा समेत विद्युतको आन्तरिक माग धान्न पर्याप्त हुने गरी जलाशययुक्त र अर्धजलाशययुक्त आयोजनाको निर्माणमा तीव्रता दिने, सम्भाव्य मुलुकहरुसँग द्विपक्षीय तथा बहुपक्षीय विद्युत व्यापार सम्झौता गर्ने, जलाशययुक्त आयोजना निर्माणका लागि बाँध र विद्युतगृह छुट्टाछुट्टै प्रवर्द्धकबाट निर्माण गरी निजी क्षेत्रलाई आकर्षित गर्ने, भन्सार महसुल घटाई विजुलीबाट चल्ने घरायसी सामानको उपयोगलाई प्रोत्साहित गर्ने, आयोजना स्थलसम्मको पहुँचमार्ग र प्रसारण लाइन निर्माण गरेमा लागतको ७५ प्रतिशत रकम प्रवर्द्धकलाई सोधभर्ना दिने, अन्तरदेशीय प्रसारण लाइनको निर्माणलाई प्रोत्साहित गर्ने, विद्युत प्रसारण लाइन निर्माणमा निजी क्षेत्रलाई प्रोत्साहित गर्ने, जग्गा प्राप्ति, वातावरणीय प्रभाव मूल्याङ्कन, राईट-अप-वे जस्ता पूर्व तयारी निश्चित समयभित्रमा सम्पन्न गर्ने, सन् २०३१ सम्ममा पेट्रोलियम पदार्थबाट चल्ने सवारी साधनलाई विस्थापन गरी विद्युतीय सवारी साधनलाई प्रोत्साहन गर्ने आदि नीतिगत व्यवस्था अघि सारेको छ।
- चालू पन्ध्रौं योजनाले वि.सं. २१०१ सम्ममा जलविद्युत उत्पादनको जडित क्षमता ४० हजार मेगावाट, प्रतिव्यक्ति विद्युत उपभोग ३,५०० किलोवाट घण्टा र विद्युतमा पहुँच प्राप्त परिवार १०० प्रतिशत पुऱ्याउने दीर्घकालीन लक्ष्य राखेको छ। साथै, सो योजनाले आर्थिक वर्ष २०८०/०८१ भित्रमा जलविद्युत उत्पादनको जडित क्षमता ५ हजार मेगावाट, प्रतिव्यक्ति विद्युत उपभोग ७००

किलोवाट घण्टा र विद्युतमा पहुँच प्राप्त परिवार १०० प्रतिशत हुने परिमाणात्मक लक्ष्य निर्धारण गरेको छ।

- सो लक्ष्य पूरा गर्न जलविद्युतमा आन्तरिक तथा बाह्य लगानी आकर्षण गरी विद्युत उत्पादन वृद्धि गर्ने, आन्तरिक तथा अन्तरदेशीय विद्युत प्रसारणलाई सुदृढ तथा विस्तार गरी विद्युत आपूर्ति प्रणालीलाई प्रभावकारी र भरपर्दो बनाउने, उर्जा दक्षता बढाउन वितरण प्रणालीलाई प्रभावकारी एवं भरपर्दो बनाउने, विद्युत पहुँच वृद्धि गरी खपत बढाउने, जलप्रवाहमा आधारित, जलाशययुक्त र अर्धजलाशययुक्त आयोजनाहरुको समिश्रण कायम हुने गरी विद्युत खरिद सम्झौता गर्ने, भारत र अन्य क्षेत्रीय मुलुकसँग द्विपक्षीय तथा बहुपक्षीय विद्युत व्यापार सम्झौता गरी क्षेत्रीय विद्युत बजारको विकास गर्ने, जलविद्युत क्षेत्रको संस्थागत संरचनाको सुदृढीकरण गर्ने आदि रणनीति अवलम्बन गरिएको छ।
- जलविद्युतका क्षेत्रको विकास तथा लगानी सम्बन्धी सरकारको लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउन वाणिज्य बैङ्कहरूले २०८१ आषाढ मसान्तसम्म आफ्नो कुल कर्जा लगानीको न्यूनतम १० प्रतिशत उर्जा क्षेत्रमा लगानी गर्नु पर्ने व्यवस्था वर्तमान मौद्रिक नीतिले गरेको छ। यो लक्ष्य बमोजिम विद्युत उत्पादन गर्न आन्तरिक स्रोत परिचालनलाई प्राथमिकता दिँदै वैदेशिक लगानीलाई आकर्षण गर्न सरकारले यस क्षेत्रको लगानीमा विभिन्न छुट तथा सहुलियतहरु समेत प्रदान गर्दै आएको छ। यस सन्दर्भमा आगामी दिनहरुमा जलविद्युतका क्षेत्रको लगानी विस्तार र आयोजनाहरुको विकासले थप गति प्रदान गर्ने पर्याप्त सम्भावना रहेको छ।

## २.४ विद्युत व्यापारको सम्भावनाः

- छिमेकी राष्ट्र भारत र बङ्गलादेशको जलविद्युतको बढ्दो मागलाई सम्बोधन गर्ने गरी ठूला आयोजनाहरुको निर्माण एवं विद्युतको अन्तरदेशीय व्यापार विस्तारको माध्यमबाट वैदेशिक व्यापारको प्रवर्द्धन र विदेशी मुद्राको प्रमुख स्रोतको रुपमा यस क्षेत्रको विकास गर्न सकिन्छ। नेपाल विद्युत प्राधिकरणको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन अनुसार सो आर्थिक वर्षमा नेपालले भारतबाट १७२९ गिगावाट घण्टा विद्युत खरिद गरेको र ३५ गिगावाट घण्टा विद्युत भारतलाई बिक्री गरेको छ।
- देशभित्र तथा देशबाहिर विद्युत व्यापार प्रयोजनका लागि नेपाल विद्युत व्यापार कम्पनी लिमिटेडको स्थापना सन् २०१७ मा नै भए तापनि कानुनी तथा अन्य पूर्वाधारको अपर्याप्तताका कारण नेपाल विद्युत प्राधिकरण मार्फत् नै विद्युत व्यापारको कार्य भइरहेको छ। नेपाल र भारतबीच सन् २०१४ मा सम्पन्न विद्युत व्यापार सम्झौता (PTA) भएको थियो। उक्त सम्झौता बमोजिम विद्युत

व्यापारका लागि अन्तरदेशीय प्रसारण लाइनको निर्माण, Grid Connectivity, नेपाल र भारतको सरकारी, सार्वजनिक र निजी संस्था मार्फत् विद्युत व्यापार, उर्जा बैंकिङ लगायतका क्षेत्रमा सहकार्य बढ्ने सम्भावना रहेको छ।

- अन्तरदेशीय विद्युत व्यापारलाई प्रवर्द्धन गर्न ढल्केवर मुजफ्फरपुर ४०० केभी अन्तरदेशीय प्रसारण लाइन निर्माण सम्पन्न भएको छ। यस्तै ४०० केभी न्यू बुटवल—गोरखपुर प्रसारण लाइन निर्माणका लागि मोडालिटीमा सहमति भई सम्झौताको क्रममा रहेको छ। ४०० केभी न्यू दुहवी—पूर्णिया र लम्की—बरेली प्रसारण लाइन निर्माणका लागि संयुक्त रूपमा अध्ययनको कार्य चलिरहेको छ।
- नेपाल बङ्गलादेश बीच सन् २०१८ मा सम्पन्न उर्जा क्षेत्रमा सहकार्य सम्बन्धी MOU ले नेपालको दक्षिण एसियाका SAARC, BIMESTEC र BBIN लगायतका देशहरूसँग भविष्यमा उर्जा व्यापार फराकिलो हुने सम्भावना रहेको छ। हालै नेपाल सरकारले नेपाल विद्युत प्राधिकरणलाई अन्तरदेशीय विद्युत व्यापारका लागि Day Adead Market (DAM), Term Ahead Market र दीर्घकालीन, मध्यमकालीन र अल्पकालीन उर्जा व्यापारका लागि नेपाल विद्युत प्राधिकरणलाई स्वीकृति प्रदान गरेकोमा उक्त स्वीकृति पश्चात् नेपालमा वर्षायाममा खपत हुन नसकेको उर्जा बिक्रीका लागि नेपाल विद्युत प्राधिकरणलाई थप सहज हुने देखिन्छ।
- हाल सङ्घीय संसदमा विचाराधीन अवस्थामा रहेको विद्युत विधेयक पारित भई कार्यान्वयन भएमा नेपालमा विद्युत व्यापार सम्बन्धमा कानुनी व्यवस्था सहज भई विद्युत व्यापारको अन्तरमूल्य (Trading Margin), Wheeling Charge सम्बन्धी नियामकीय उपकरण तर्जुमा गरी विद्युत व्यापारको क्षेत्र गतिशील हुने देखिन्छ।

## २.५ कोभिड-१९ को प्रभावः

- सन् २०२० को प्रारम्भदेखि नै कोभिड-१९ को विश्वव्यापी महामारीले युगमा विरलै आउने आर्थिक तथा मानवीय सङ्कट उत्पन्न गराइरहेको छ। सन् १८७० देखि हालसम्मको १५० वर्षको अवधिमा विभिन्न प्रकृतिका वित्तीय सङ्कटका कारण विश्वमा देखिएको आर्थिक मन्दीको तुलनामा कोभिड-१९ का महामारीका कारण सिर्जित आर्थिक मन्दीको प्रभाव व्यापक र उच्च रहेको देखिएको छ।
- सन् २०२० मा विश्वका ९० प्रतिशत भन्दा बढी देशको प्रतिव्यक्ति कुल ग्राहस्थ उत्पादनको वृद्धिदर ऋणात्मक भई विश्व अर्थतन्त्रमा ३.३ प्रतिशतले सङ्कुचन आएको छ। नयाँ रुपसहित महामारीको दोस्रो लहर फैलिरहेको र तेस्रो लहरको समेत चुनौती सामना गर्नु पर्ने जनस्वास्थ्यविद्हरुले सचेत

गराइरहेको सन्दर्भमा यसले विश्व अर्थतन्त्रमा पार्न सक्ने थप प्रभावको आँकलन गर्न सकिने अवस्था छैन।

- पछिल्लो दुई दशकमै पहिलो पटक आर्थिक वर्ष २०७६/०७७ मा नेपालको आर्थिक वृद्धिदर २.१२ प्रतिशतले ऋणात्मक भएको छ। यसको प्रमुख कारण कोभिड-१९ प्रभाव नै हो र यो वि.सं. २०७२ महाभूकम्पले पारेको प्रभाव भन्दा उच्च हो। आर्थिक वृद्धिदरको यो अवस्थाले बचत तथा लगानीलाई प्रभाव पार्दछ।
- महामारीको समयमा नागरिकको जीवन रक्षालाई नै स्वभाविक रुपमा उच्च प्राथमिकतामा राख्नु पर्दछ। तद्नुरुप महामारीको रोकथाम तथा नियन्त्रण, स्वास्थ्य पूर्वाधारको निर्माण, निःशुल्क खोप अभियान, राहत, सहुलियत तथा आर्थिक पुनरुत्थानका कार्यक्रमहरु सरकारको प्राथमिकतामा परेका छन्। यसका कारण स्वभाविक रुपमा पूर्वाधार विकासका क्षेत्रको लगानी तथा विकासका एजेण्डाहरु ओझेलमा पर्ने सम्भावना देखिएको छ।
- यस महामारीले अन्य क्षेत्रमा जस्तै नेपालको जलविद्युत लगानी तथा विकासको क्षेत्रमा पनि नकारात्मक असर पुऱ्याउने देखिएको छ। निर्माणाधीन आयोजनाहरुको निर्माण अवधि र निर्माण लागतमा वृद्धि हुन गई लगानीकर्ताहरुले प्राप्त गर्ने प्रतिफलमा सङ्कुचन आउने सम्भावना छ। लगानीकर्ताको लगानीको प्राथमिकतामा परिवर्तन तथा लगानी गर्ने क्षमतामा आउने सङ्कुचनका कारण आन्तरिक तथा बाह्य क्षेत्रबाट आयोजनाहरुको लागि वित्तीय स्रोत परिचालन गर्न कठिन हुन सक्ने देखिएको छ।

## ३. कम्पनीको ऐतिहासिक पृष्ठभूमि, परिचय र उद्देश्यः

### ३.१ कम्पनीको ऐतिहासिक पृष्ठभूमिः

जलविद्युत उत्पादनका लागि स्वदेशी लगानीलाई प्रोत्साहन गरी पुँजी बजारको औचित्यपूर्ण परिचालन गर्न अलग्गै वित्तीय संस्थाको स्थापना गर्ने विषय जलविद्युत विकास नीति, २०५८ मा समावेश गरिएको थियो। तर यस विषयले एक दशकसम्म मूर्तरूप पाउन सकेको थिएन। मुलुकमा विद्युतको माग र आपूर्तिमा व्यापक अन्तर भई उर्जा व्यवस्थापनको कार्य निकै जटिल हुँदै गएको, विद्युत आयोजनाहरूको विकासका लागि आवश्यक पुँजीको अभाव भइरहेको एवं यस्ता आयोजनाहरूमा लगानी गर्न निजी क्षेत्रसमेत अपेक्षाकृत अग्रसर नभइरहेको अवस्था विद्यमान थियो।

तत्कालीन अवस्थामा सीमित लगानी क्षमता भएका बैङ्कहरूबाट खासगरी ठूला आयोजनाका लागि आवश्यक पर्ने ठूलो परिमाणको दीर्घकालीन पुँजी लगानी गर्न

कठिन हुने सन्दर्भमा आन्तरिक एवं बाह्य क्षेत्रबाट पुँजी परिचालन गरी जलविद्युत उत्पादन, प्रसारण तथा वितरण गर्ने आयोजनामा शेयर वा ऋणका रूपमा लगानी गर्न ठूलो पुँजी आधार भएको विशिष्टीकृत वित्तीय संस्थाको आवश्यकता महसुस गरी नेपाल सरकारको अग्रसरतामा सरकारकै अधिकांश शेयर स्वामित्व भएको कम्पनी स्थापना गर्ने गरी वि.सं. २०६८ सालमा यस कम्पनीको अवधारणाले मूर्तरुप लिएको हो।

## ३.२ कम्पनीको परिचयः

(क) नेपालको जलविद्युत क्षेत्रको विकासका लागि आवश्यक पर्ने दीर्घकालीन प्रकृतिको पुँजी परिचालन गर्ने तथा त्यसरी उपलब्ध हुने वित्तीय स्रोतलाई आर्थिक तथा प्राविधिक रूपले सम्भाव्य जलविद्युत आयोजनाहरूमा शेयर वा ऋणका रूपमा लगानी गर्ने गरी कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६८।०३।२७ मा पब्लिक लिमिटेड कम्पनीका रूपमा यस कम्पनीको स्थापना भएको हो। प्रारम्भमा जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको नामबाट स्थापना भएको यस कम्पनीको नाम वि.सं. २०७५ मा परिवर्तन गरी हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेण्ट कम्पनी लिमिटेडमा रूपान्तरण गरिएको हो।

(ख) मिति २०६८।०४।०२ मा नेपाल राजपत्र, भाग ५, खण्ड ६१, सङ्ख्या १४ मा सूचना प्रकाशन गरी नेपाल सरकारबाट नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा २ को खण्ड (छ) ले दिएको अधिकार प्रयोग गरी कम्पनीलाई वित्तीय संस्थाको रुपमा तोकेको हो। मिति २०६९।०३।२६ मा नेपाल राष्ट्र बैङ्कबाट नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ७६ बमोजिम ऋण लगानी गर्न स्वीकृति प्रदान गरेको छ।

(ग) कम्पनीको अधिकृत पुँजी रु. ५० अर्ब, जारी पुँजी रु. २२ अर्ब र चुक्ता पुँजी रु. १६ अर्ब ५० करोड रहेको छ। सातौं वार्षिक साधारण सभाको निर्णय बमोजिम १:१ अनुपातमा हकप्रद शेयर जारी गर्न नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त भइसकेको र सो प्रक्रिया हाल अन्तिम चरणमा रहेको छ। यसपश्चात् कम्पनीको चुक्ता पुँजी रु. २२ अर्ब हुनेछ। कम्पनीको पुँजी संरचनामा नेपाल सरकारको ५० प्रतिशत, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र राष्ट्रिय बीमा संस्थानको १०/१० प्रतिशतका दरले ३० प्रतिशत र बाँकी २० प्रतिशत सर्वसाधारणको लगानी रहेको छ।

**३.३ कम्पनीको उद्देश्य तथा कार्यः**

कम्पनीको प्रबन्धपत्रको दफा ४ र ५ बमोजिम यस कम्पनीको उद्देश्य र कार्य देहाय बमोजिम रहेका छन्ः-

(क) **ऋण तथा शेयर लगानीः** जलविद्युत उत्पादन, प्रसारण तथा वितरण गर्ने आयोजनाको शेयरमा लगानी गर्ने, त्यस्ता आयोजनाहरूमा प्रत्यक्ष वा बैङ्क तथा वित्तीय संस्थामार्फत् ऋण लगानी गर्ने, जलविद्युत आयोजनाहरूले जारी गरेको बण्ड, डिवेञ्चर जस्ता ऋणपत्रमा लगानी गर्ने, आफ्नो स्वामित्वमा सहायक कम्पनी स्थापना गरी जलविद्युत उत्पादन, प्रसारण तथा वितरण गर्ने परियोजना लिई लगानीकर्ता जुटाउने, नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी निकायबाट प्राप्त भएको रकम ऋणको रूपमा प्रवाह गर्ने वा ऋण व्यवस्थापन गर्ने।

(ख) **वित्तीय स्रोत परिचालनः** विदेशी संस्था एवं गैरआवासीय नेपालीबाट विदेशी मुद्रामा ऋण वा अनुदान प्राप्त गर्ने, कम्पनीलाई आवश्यक पर्ने रकम कुनै बैङ्क वा वित्तीय संस्थाबाट ऋण लिने, आफ्नो नामबाट बण्ड, डिवेञ्चर लगायतका ऋणपत्रहरू तथा सर्टिफिकेट अफ डिपोजिट जस्ता वित्तीय उपकरणहरू जारी गर्ने र सामूहिक लगानी कोष स्थापना एवं सञ्चालन गर्ने।

(ग) **अन्यः** जलविद्युत आयोजनाहरूको प्राविधिक मूल्याङ्कनका लागि प्राविधिक जनशक्तिको सीप र दक्षता अभिवृद्धि गर्ने र जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मूल्याङ्कन एवं विस्तृत अध्ययन गर्ने गराउने।

## ४. स्रोत परिचालन तथा लगानी सम्बन्धी नीतिगत व्यवस्थाः

४.१ कम्पनीको प्रबन्धपत्र, २०६८ को दफा ५ मा कम्पनीले स्रोत परिचालन तथा लगानी सम्बन्धी देहायको कार्य गर्न सक्ने व्यवस्था छः-

- कम्पनीलाई आवश्यक पर्ने रकम बैङ्क वा कुनै वित्तीय संस्थाबाट कम्पनीले धितो राखी वा नराखी ऋण लिने।
- कम्पनीको नामबाट शेयर, डिवेञ्चर वा बण्ड वा ऋणपत्र खरिद गर्ने र त्यसलाई बिक्री गर्ने।
- कम्पनीले आर्थिक एवं प्राविधिक रूपले सम्भाव्य जलविद्युत उत्पादन, प्रसारण र वितरणको निम्ति वित्तीय साधन लगानीका लागि कम्पनी समक्ष पेश हुन आउने विस्तृत परियोजना अध्ययन प्रतिवेदन विश्लेषण गरी उपयुक्तताको आधारमा त्यस्तो परियोजनामा लगानी गर्ने।
- कम्पनीले आफूलाई आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने क्रममा प्रचलित कानूनको रीत पुऱ्याई कम्पनीको नामबाट बण्ड, डिवेञ्चर तथा ऋणपत्र जारी गर्ने।

- कम्पनीले आफूलाई आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने क्रममा प्रचलित कानूनको रीत पुऱ्याई गैरआवासीय नेपाली, विदेशी वित्तीय संस्था, विदेशी संस्थाहरुबाट विदेशी मुद्रामा ऋण सापटी तथा अनुदान प्राप्त गर्ने।
- कम्पनीले स्वदेशी वा विदेशी सङ्गठित संस्थाहरुसँगको संयुक्त लगानीमा जलविद्युत परियोजनामा संस्थापक शेयरधनीको रुपमा लगानी गर्ने।
- नेपाली नागरिक तथा गैरआवासीय नेपालीबाट कम्तीमा १० लाख रुपैयाँका दरले तथा विदेशी वा स्वदेशी सङ्गठित संस्थाबाट कम्तीमा नेपाली रुपैयाँ १ करोडका दरले ५ वर्ष वा सो भन्दा बढी अवधिको लागि सर्टिफिकेट अफ डिपोजिट जारी गरी वा अन्य कुनै किसिमको ऋणपत्र वा बण्ड वा डिवेञ्चर जारी गरी दीर्घकालीन स्रोत परिचालन गर्ने।
- कम्पनीले नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति प्राप्त गरी जलविद्युत परियोजनामा प्रत्यक्ष वा कुनै बैङ्क वा वित्तीय संस्थामार्फत् अप्रत्यक्ष रुपमा ऋण प्रवाह गर्ने।
- जलविद्युत परियोजनाको प्रवर्द्धनका लागि नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी निकायबाट प्राप्त भएको रकम ऋणको रुपमा प्रवाह गर्ने वा ऋण व्यवस्थापन गर्ने।

४.२ कम्पनीको प्रबन्धपत्र, २०६८ को अनुसूचीको रूपमा रहेका कम्पनी सञ्चालनका नीतिगत आधारहरुको खण्ड (छ) मा वित्तीय स्रोत परिचालन तथा लगानी सम्बन्धमा देहायको नीतिगत व्यवस्था रहेको छः-

(क) कम्पनीले लगानी योग्य कोष परिचालन गर्दा आफ्नो शेयर पुँजी, स्वदेशी ऋणपत्र जारी गरी प्राप्त गर्ने ऋण र विदेशी संस्थाबाट प्राप्त गर्ने ऋण एवं अनुदानका माध्यमबाट गरिनेछ।

(ख) कम्पनीले संस्थापनाको लागि निवेदन दिई दर्ता प्रमाणपत्र प्राप्त गरिसकेपछि देहायका कार्य प्रारम्भ गर्नुअघि प्रचलित कानून बमोजिमका नियमनकारी निकायबाट स्वीकृति पाउनका लागि अनुरोध गर्ने र सो स्वीकृति प्राप्त गरे पश्चात् मात्र ती कार्यहरु प्रारम्भ गर्नेछः-

- नेपाली नागरिक तथा गैरआवासीय नेपालीहरुलाई कम्तीमा १० लाख रुपैयाँका दरले तथा विदेशी वा स्वदेशी सङ्गठित संस्थाबाट कम्तीमा नेपाली रुपैयाँ १ करोडका दरले ५ वर्ष वा सो भन्दा बढी अवधिको लागि सर्टिफिकेट अफ डिपोजिट जारी गरी वा अन्य कुनै किसिमको ऋणपत्र वा बण्ड वा डिवेञ्चर जारी गरी दीर्घकालीन स्रोत परिचालन गर्ने।
- सङ्गठित संस्थाहरुलाई एक करोड रुपैयाँ र सोभन्दा बढी रकमको सर्टिफिकेट अफ डिपोजिट जारी गरी पुँजी परिचालन गर्ने।

- बैङ्क वा वित्तीय संस्थाहरुमार्फत् जलविद्युत परियोजनामा लगानी गर्नका लागि त्यस्ता बैङ्क वा वित्तीय संस्थाहरुलाई थोक ऋण (अनलेण्डिङ्ग) उपलव्ध गराउने।
- जलविद्युत परियोजनालाई पच्चीस करोड रुपैयाँ र सोभन्दा बढीको प्रत्यक्ष ऋण प्रवाह गर्ने।

(ग) कम्पनीले शेयर लगानी गरेको जलविद्युत परियोजनामा कुनै प्रकारको ऋण (प्रत्यक्ष वा अप्रत्यक्ष) प्रवाह र ऋणपत्रमा लगानी गर्ने छैन। तर कुनै परियोजनाहरुको पुँजी संरचना भेञ्चर क्यापिटल (Venture Capital) संरचना अनुसार डिजाइन गरिएको भएमा वा आफैंले प्रवर्द्धन गरेको सहायक कम्पनीद्वारा विकास गरिने परियोजना भएमा त्यस्ता परियोजनाहरुमा पुंजी तथा ऋण लगानी समेत गर्न सकिनेछ। कम्पनीले बैङ्कमार्फत् परियोजनामा ऋण लगानी गर्दा कम्पनीको कुल पुँजीकोषको २५ प्रतिशतसम्म मात्र लगानी गर्न सक्नेछ। परियोजनामा ऋण प्रवाह गर्दा ऋण र स्वपुँजीको अनुपात तोकिए बमोजिम हुनेछ।

(घ) कम्पनीले कुनै परियोजना सम्बद्ध कम्पनीको शेयरमा लगानी गर्दा सम्बन्धित परियोजनाको चुक्ता पुँजीको बढीमा २० प्रतिशत वा कम्पनीको कुल पुँजीकोषको २५ प्रतिशतमा नबढाई लगानी गर्नेछ। तर कम्पनी आफैंले प्रवर्द्धन गरेको परियोजनामा लगानी गर्ने सम्बन्धमा यो व्यवस्था लागू हुनेछैन।

(ङ) कम्पनीले परियोजनामा ऋण प्रवाह गर्दा वा बण्ड वा डिवेञ्चर वा ऋणपत्रमा लगानी गर्दा कम्पनीको कुल पुँजीकोषको २५ प्रतिशत भन्दा बढी हुनेछैन।

(च) कम्पनीले कुल पुँजीकोषको ५ प्रतिशत रकम तरल सम्पत्तिको रुपमा राख्न सक्नेछ।

(छ) समितिले आफ्नो स्रोतको उपयोग सम्बन्धमा पुनरावलोकन गर्न आवश्यक ठानेमा साधारण सभाको स्वीकृति लिई तोकिएको प्रतिशत फेरबदल गर्न सक्नेछ।

(ज) कम्पनीले कुनै पनि सार्वजनिक कम्पनीले निर्माण गर्ने आयोजनामा प्रवाह गरेको ऋण रकमको सम्पूर्ण अंश वा केही अंश आयोजना सम्पन्न भई सञ्चालनमा आएपछि निश्चित मापदण्डको आधारमा शेयरमा परिणत (Mezzanine Financing) गर्न सक्नेछ।

४.३ कम्पनीको प्रबन्धपत्र, २०६८ को दफा ११ को उपदफा (६) मा कम्पनीले लगानी गर्ने आयोजनाको प्रकृतिको सम्बन्धमा 'यस प्रबन्धपत्रमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कम्पनीले कम्तीमा २५ मेगावाट भन्दा बढीका मझौला

तथा ठूला जलविद्युत परियोजनामा मात्र संस्थापक शेयरधनीका रुपमा लगानी तथा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा ऋण प्रदान गर्नेछ। तर कुनै बैङ्क वा बैङ्कहरुको समूहले लगानी गरिरहेका १० मेगावाट वा सो भन्दा बढीका आयोजनाहरुमा बैङ्कहरु मार्फत् सम्बन्धित बैङ्कको दायित्वमा कम्पनीबाट ऋण लगानी गर्न वा बैङ्क तथा वित्तीय संस्थासँगको सहवित्तीयकरणमा १५-२५ मेगावाटसम्मको जलविद्युत आयोजनाहरुमा बढीमा रु. २० करोडसम्म ऋण लगानी गर्न वा संस्थापक शेयरधनीका रुपमा शेयर लगानी गर्न यस व्यवस्थाले बाधा पुगेको मानिने छैन' भन्ने व्यवस्था रहेको छ।

## ५. कम्पनीको वर्तमान अवस्थाको विश्लेषणः

### ५.१ समग्र वित्तीय अवस्थाः

आर्थिक वर्ष २०७७/०७८ को चैत्र मसान्तसम्ममा कम्पनीमा रु. १६ अर्ब ५० करोड पुँजी, रु. १ अर्ब ५७ करोड जगेडा कोष एवं रु. १ अर्ब ७६ करोड ऋण तथा अन्य दायित्वसहित रु.१९ अर्ब ८३ करोड पुँजी तथा दायित्व रहेको छ। सो रकममध्ये शेयर लगानीमा रु. १ अर्ब ६ करोड, ऋण लगानीमा रु. ५ अर्ब २४ करोड, मुद्दती निक्षेपमा रु.११ अर्ब ६५ करोड र अन्य स्थिर तथा चालू सम्पत्तिमा रु. १ अर्ब ८८ करोड उपयोग भएको छ।

### ५.२ सञ्चालन नतिजाः

आर्थिक वर्ष २०७७/०७८ को चैत्र मसान्तसम्मको नौ महिनाको अवधिमा कम्पनीले शेयर लगानीबाट रु. १ करोड, ऋण लगानीबाट रु. २६ करोड र मुद्दती निक्षेप तथा अन्य आम्दानी रु. ७३ करोड गरी कुल रु. १ अर्ब आम्दानी गरेको छ। उक्त अवधिमा कर्मचारी एवं अन्य प्रशासनिक खर्च रु. ९ करोड र आयकर खर्च रु. २७ करोड रही रु. ६४ करोड खुद मुनाफा आर्जन गरेको छ। आर्थिक वर्ष २०७६/०७७ मा कम्पनीको कुल आय रु. १ अर्ब ६७ करोड र खुद मुनाफा रु. १०१ करोड रहेको थियो।

## ५.३ पुँजी सङ्कलनको अवस्थाः

कम्पनीको अधिकृत पुँजी रु. ५० अर्ब र जारी पुँजी रु. २२ अर्ब रहेकोमा हालसम्म रु. १६ अर्ब ५० करोड बराबर चुक्ता पुँजी रहेको छ। सातौं वार्षिक साधारण सभाबाट निर्णय भए बमोजिमको हकप्रद शेयर जारी गर्नका लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त भई प्रक्रिया अगाडि बढाइएकोले हकप्रद शेयर जारी पश्चात् कम्पनीको चुक्ता पुँजी रु.२२ अर्ब हुनेछ। शेयर पुँजीका अतिरिक्त कम्पनीले वित्तीय उपकरण एवं सहुलियतपूर्ण ऋणको माध्यमबाट दीर्घकालीन पुँजी सङ्कलन गर्ने योजना अनुसार अध्ययन एवं छलफल गरिरहेको छ।

## ५.४ लगानीको प्रतिबद्धता र लगानी भएको रकमः

आर्थिक वर्ष २०७७/०७८ को चैत्र मसान्तसम्ममा कम्पनीले कुल ३९६ मेगावाट क्षमताका १० वटा जलविद्युत आयोजनाहरुमा रु. ६ अर्ब ५३ करोड ऋण लगानी गर्ने प्रतिबद्धता गरी रु. ३ अर्ब ९५ करोड ऋण प्रवाह गरिसकेको छ। यसैगरी, सो अवधिसम्म कम्पनीबाट ६५६ मेगावाटका ५ वटा जलविद्युत आयोजना र ४ वटा जलविद्युत सम्बद्ध कम्पनीहरुमा अनुमानित रु. ७ अर्ब ९४ करोड बराबर शेयर लगानी गर्ने प्रतिबद्धता गरी रु. १ अर्ब ६ करोड शेयर लगानी प्रवाह गरिसकेको छ।

## ५.५ रणनीतिक साझेदारीमा सञ्चालन हुने आयोजनाहरुको अवस्थाः

समान प्रकृतिका अन्तर्राष्ट्रिय कम्पनीहरूको सहकार्यमा जलविद्युत आयोजनामा लगानी विस्तार गर्ने उद्देश्यले १५६ मेगावाट क्षमताको माडी जलाशययुक्त जलविद्युत आयोजना र ७५६ मेगावाटको तमोर जलाशययुक्त जलविद्युत आयोजनाको विकासका लागि कम्पनीले चीनको सरकारी कम्पनी पावर कन्स्ट्रक्सन कर्पोरेसन अफ चाइना लिमिटेड (पावरचाइना) सँग संयुक्त लगानी कम्पनी (Joint Venture Company) मार्फत् कार्यान्वयन गर्ने गरी समझदारी सम्झौता भई कार्यान्वयनको प्रक्रिया अघि बढाइएको छ। माडी जलाशययुक्त जलविद्युत आयोजना र तमोर जलाशययुक्त जलविद्युत आयोजनामा यस कम्पनीको शेयर स्वामित्व क्रमशः २६ प्रतिशत र ५१ प्रतिशत रहनेछ।

## ५.६ सहायक कम्पनीहरूको अवस्थाः

कम्पनीले ७७.५ मेगावाट क्षमताको घुन्सा खोला जलविद्युत आयोजना र ७०.३ मेगावाट क्षमताको सिम्बुवा खोला जलविद्युत आयोजना निर्माणका लागि क्रमशः रेमिट हाइड्रो लिमिटेड र सिम्बुवा रेमिट हाइड्रो नामक दुईवटा सहायक कम्पनी स्थापना गरेको छ। उक्त दुवै आयोजनाहरुको विस्तृत अध्ययनको अन्तिम चरणमा रहेको छ। घुन्सा खोला जलविद्युत आयोजनाको विद्युत खरिद बिक्री सम्झौताको

प्रक्रियामा रहेको छ। सिम्बुवा खोला जलविद्युत आयोजनाले उत्पादन अनुमतिको लागि प्रक्रिया अघि बढाइसकेको छ। दुवै आयोजनाहरुको पहुँच मार्ग निर्माण, साईट अफिसको निर्माण, जग्गा प्राप्ति, आयोजना विकासका लागि आवश्यक विद्युत (Construction Power) को आपूर्ति आदि जस्ता पूर्व तयारीका कार्यहरु भइरहेका छन्। यी दुईवटै सहायक कम्पनीहरुमा यस कम्पनीको ५१ प्रतिशत शेयर स्वामित्व रहनेछ।

## ६. पहिलो व्यावसायिक योजनाको कार्यान्वयन अवस्थाः

६.१ कम्पनीले आर्थिक वर्ष २०७४/०७५ देखि आर्थिक वर्ष २०७८/०७९ सम्मको लागि पाँचवर्षे व्यावसायिक योजना तयार गरी लागू गरेको थियो। सो व्यावसायिक योजना अब एक वर्ष पश्चात् सम्पन्न हुँदैछ। व्यावसायिक योजनामा मूलतः व्यावसायिक लक्ष्य र कार्यान्वयनको लागि वित्तीय स्रोत परिचालन गर्ने विषय उल्लेख गरिएको थियो। व्यावसायिक योजनाको लक्ष्य प्राप्त गर्नका लागि कम्पनीको तत्कालीन पुँजी तथा जगेडा रु. ११ अर्ब ३ करोड समेत गरी थप रु. ३० अर्ब ६२ करोडको बाह्य स्रोत आवश्यक पर्ने र सो पूरा गर्न स्वदेशी पुँजी बजारबाट ५०/५० प्रतिशत र बाँकी रकम सरकारी निकाय र अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरु जस्तै विश्व बैङ्क, एसियाली विकास बैङ्क, एआईआईबी लगायतबाट सहुलियतपूर्ण कर्जा प्राप्त गरी परिचालन गर्ने लक्ष्य राखिएको थियो।

६.२ स्वदेशी पुँजी बजारबाट वित्तीय स्रोत जुटाउन कम्पनीले आफ्नो नामबाट पावर बण्ड जारी गर्ने लक्ष्य रहेको थियो। बाह्य क्षेत्रबाट वित्तीय स्रोत जुटाउने सम्बन्धमा केही प्रारम्भिक चरणका कामहरु सुरु गरिएको भए तापनि ठोस रुपमा कुनै पनि कार्यहरु अघि बढेका छैनन्। एसियाली विकास बैङ्कको ५० मिलियन अमेरिकी डलरको लाइन अफ क्रेडिट प्राप्त गर्न वित्तीय जोखिम व्यवस्थापन र वातावरण तथा सामाजिक सुरक्षणको क्षेत्रमा कम्पनीको क्षमता अभिवृद्धि आवश्यक पर्ने भनिएको र सोको लागि बैङ्कको तर्फबाट प्राविधिक सहयोग प्राप्त भइसकेको भए तापनि यस सम्बन्धमा थप कार्यहरु अघि बढ्न सकेको छैन।

६.३ त्यसैगरी सार्क डेभलपमेण्ट फण्डबाट १.५ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण कर्जा प्राप्त गरी आयोजनामा प्रवाह गर्ने सम्बन्धमा कार्यहरु अघि बढे पनि ठोस प्रगति हासिल भइसकेको छैन। पाँचवर्षे योजना कार्यान्वयनको अवधिमा कम्पनीबाट कुनै पनि बाह्य स्रोत जुटाई आयोजनामा परिचालन हुन सकेको छैन। यसै दौरानमा कम्पनीले हकप्रद शेयर मार्फत् पुँजी वृद्धि गर्ने निर्णय गरी चुक्ता पुँजी रु. २२ अर्ब पुऱ्याउने निर्णय भए बमोजिम हालसम्म रु. १६ अर्ब ५० करोड रहेको र थप ५ अर्ब ५० करोड चुक्ता हुने क्रममा रहेको छ।

व्यावसायिक योजनाको प्रमुख लक्ष्य तथा कार्यान्वयनको अवस्था अनुसूची-१ मा प्रस्तुत गरिएको छ।

## ७. कम्पनीको स्वट (SWOT) विश्लेषणः

जलविद्युत क्षेत्रमा भएको लगानी तथा विकासको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिदृश्य, लगानीको समग्र वातावरण, परियोजना व्यवस्थापन र लगानीको विगतको अनुभव, नेपालमा जलविद्युत क्षेत्रमा लगानी र विद्युत आयोजनाको आवश्यकता, सम्भावना र चुनौतीको विश्लेषण, जलविद्युतको माग, खपत र व्यापारको सम्भावना, कम्पनी स्थापनाको उद्देश्य, कार्य र वर्तमान अवस्थाको विश्लेषण समेतको आधारमा कम्पनीको सबल पक्ष, दुर्बल पक्ष एवं अवसर र चुनौती (SWOT) को विश्लेषण देहाय बमोजिम गरिएको छः-

### ७.१ सबल पक्षहरुः

- नेपाल सरकार लगायत सरकारी क्षेत्रका सक्षम वित्तीय संस्थाहरूबाट प्रवर्द्धित कम्पनी।
- जलविद्युत उत्पादन, प्रसारण तथा वितरण गर्ने आयोजनामा लगानी गर्ने उद्देश्य र व्यापक कार्य क्षेत्र भएको विशिष्टीकृत एक मात्र कम्पनी।
- आयोजना विश्लेषण, लगानी निर्णय, जोखिम व्यवस्थापन तथा संस्थागत सुशासन सम्बन्धी आवश्यक नीतिगत तथा संरचनागत पूर्वाधारको व्यवस्था रहेको।
- कम्पनीको व्यवसायसँग सम्बन्धित दक्ष एवं अनुभवी जनशक्तिको उपलव्धता रहेको।
- समान प्रकृतिका अन्तर्राष्ट्रिय निकायहरुसँग सहकार्य र साझेदारी प्रारम्भ भइसकेको हुँदा यसको अनुभवका आधारमा कम्पनीको व्यवसाय प्रवर्द्धनका लागि यस्तो सहकार्यलाई थप विस्तार गर्न सकिने सम्भावना रहेको।
- ठूलो पुँजी आधार (Capital Base) भएकाले लगानी विस्तारका लागि अन्य वित्तीय उपकरणहरुको माध्यमबाट थप लगानी योग्य वित्तीय स्रोत परिचालन गरी पुँजीमा लचकता (Capital Leverage) कायम गर्न सकिने पर्याप्त सम्भावना रहेको।
- कम्पनीको सञ्चालक समिति प्रतिनिधिमूलक एवं व्यावसायिक भएका कारण व्यावसायिक निर्णय र अन्तरनिकाय समन्वयमा सहज हुने।

### ७.२ दुर्बल पक्षहरुः

- स्थापनाको उद्देश्य एवं सरोकारवालाहरुको अपेक्षा अनुरुपको गति कम्पनीले लिन नसकेका कारण संस्थाप्रतिको विश्वसनियता (Public Credibility) कमजोर हुन सक्ने जोखिम रहेको।
- वित्तीय स्रोतको परिचालन र लगानी विस्तारका लागि कम्पनीको संस्थागत र संरचनागत पक्ष तुलनात्मक रूपमा कमजोर रहेको।
- ऋण तथा लगानी सम्बन्धी कम्पनीको निर्णय प्रक्रिया तुलनात्मक रुपमा लामो समय लाग्ने रहेको।
- आयोजनाहरूमा ऋण लगानीको सन्दर्भमा बैङ्कहरुको क्षमता र प्राथमिकता बढ्दै गएको सन्दर्भमा कम्पनीको प्रतिस्पर्धात्मक क्षमता तुलनात्मक रुपमा कमजोर रहेको।
- आयोजनाहरुको लगानी विस्तारका लागि विश्वसनीय, दिगो एवं सुनिश्चित वित्तीय स्रोतको अभाव रहेको।
- विशिष्टीकृत उद्देश्यले स्थापित संस्था भए तापनि कम्पनीले सहवित्तीयकरणको नेतृत्व गर्न तथा आयोजनाहरुमा प्रत्यक्ष लगानी गर्न हालसम्म नेपाल राष्ट्र बैङ्कबाट अनुमति नपाएका कारण ऋण लगानीको क्षेत्र सङ्कुचित हुनाको साथै यसका लागि बैङ्क तथा वित्तीय संस्थामा निर्भर रहनु पर्ने अवस्था रहेको।
- कार्यसञ्चालन पद्धति, निर्णय प्रक्रिया र व्यवस्थापन सूचना पद्धति जस्ता न्यूनतम पूर्वाधार आवश्यकता अनुसार सुदृढ हुन नसकेको।
- स्थायी संरचना विकास र संस्थागत स्मरण (Institutional Memory) कायम हुने गरी कम्पनीभित्र दक्ष जनशक्ति आकर्षित गर्न वा टिकाउन नसकिएको।
- नेपाल राष्ट्र बैङ्क ऐन अनुसार नेपाल सरकाले वित्तीय संस्थाको रुपमा तोकेको भए तापनि नेपाल राष्ट्र बैङ्कको नियमन तथा सुपरीवेक्षणको दायरामा आइनसकेको हुँदा वित्तीय स्रोत परिचालन तथा लगानी विस्तार गर्न सहज नहुने अवस्था रहेको।

**७.३ अवसरहरुः**

- जलविद्युत आयोजनाको विकास तथा लगानीलाई प्रवर्द्धन र प्रोत्साहन गर्न जलविद्युतको विकास, उपभोग, वितरण र व्यापार विस्तार गर्न नेपाल सरकारले विभिन्न नीतिगत सुधारका कार्यक्रमहरु अघि सारेको।
- जलविद्युतको माग र खपतमा वृद्धि भइरहेको हुँदा जलविद्युत विकास, प्रसारण तथा वितरणसँग सम्बन्धित आयोजनाहरुमा लगानीको माग र आवश्यकता बढ्दै गएको।

- नवीकरणीय उर्जाको माग विश्वव्यापी रूपमा बढ्दै गएको सन्दर्भमा ठूला आयोजनाहरुको निर्माण गरी अन्तर्राष्ट्रिय बजार विस्तार गर्न सकिने पर्याप्त सम्भावना रहेको।
- जलविद्युतका क्षेत्रमा लगानी गर्ने विशिष्टीकृत उद्देश्यले स्थापित संस्था भएकाले सरकारको विद्युत विकासको लक्ष पूरा गर्न आवश्यक वित्तीय स्रोत परिचालनका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने अवसर रहेको।
- निर्माणको लागि तयार अवस्थामा रहेका र नेपाल सरकारले प्राथमिकतामा राखेका ठूला आयोजनाहरूको वित्तीय व्यवस्थापन (Financinal Arrangement) का लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूसँग रणनीतिक साझेदारी गरी वित्तीय व्यवस्थापकको प्रमुख भूमिका निर्वाह गर्न सक्ने पर्याप्त सम्भावना रहेको।

## ७.४ चुनौतीहरुः

- दिगो वित्तीय स्रोतको परिचालन तथा सोको प्रभावकारी लगानी व्यवस्थापनको माध्यमबाट लगानीकर्तालाई अपेक्षित प्रतिफल प्रदान गर्न निकै कठिन छ।
- सहायक कम्पनीहरु र रणनीतिक साझेदारी अन्तर्गत संयुक्त लगानी कम्पनीमार्फत् अघि बढाइएका आयोजनाहरुको उपयुक्त वित्तीय स्वरुप निर्धारण गरी समयमा नै निर्माण सम्पन्न गर्ने कार्य चुनौतीपूर्ण रहेको।
- कोभिड—१९ को कारणले ऋण तथा शेयर लगानी भएका परियोजनाको निर्माण तालिका र निर्माण लागतमा हुन सक्ने बढोत्तरीका कारण कम्पनीको नगद प्रवाह र प्रतिफलमा प्रतिकूल प्रभाव पर्न सक्ने देखिएको।
- जलविद्युत उत्पादन, वितरण, प्रसारण र व्यापारसँग सम्बन्धित आयोजनाहरु समन्वयात्मक रुपमा अघि बढ्न नसकेमा यस क्षेत्रको लगानीमा आकर्षक नहुने तथा लगानीले अपेक्षित प्रतिफल प्राप्त गर्न नसक्ने जोखिम रहेको।
- यस क्षेत्रको लगानीमा भूकम्प, पहिरो, बाढी जस्ता प्राकृतिक विपत्तिको जोखिम अधिक रहेको, आयोजना व्यवस्थापन निकै कठिन र चुनौतीपूर्ण रहेको तथा प्रतिफलका लागि निकै लामो समय पर्खनु पर्ने भएको कारण आन्तरिक तथा बाह्य लगानी आकर्षण गर्न निकै कठिन रहेको।
- जलविद्युत आयोजनाको लगानीलाई नेपाल राष्ट्र बैङ्कले पनि प्राथमिकतामा राखेकोले ऋण लगानीमा बैङ्क तथा वित्तीय संस्थाहरूसँग प्रतिस्पर्धा गर्नुपर्ने अवस्था रहेको।
- जलविद्युतको आन्तरिक माग र खपत एवं यसको अन्तर्राष्ट्रिय व्यापार अपेक्षाकृत वृद्धि हुन नसकेमा यस क्षेत्रको ठूलो लगानी जोखिममा पर्न सक्ने चुनौती रहेको।

## ८. रणनीतिक योजनाले सम्बोधन गर्नुपर्ने प्रमुख सबालहरूः

आन्तरिक तथा बाह्य वातावरणको विश्लेषण एवं कम्पनीका वर्तमान अवस्थाको समीक्षाको आधारमा सरोकारवालाहरुको अपेक्षा बमोजिम कम्पनीलाई गतिशील बनाउन तथा दीर्घकालीन भौतिक लक्ष्य पूरा गर्न प्रस्तुत रणनीतिक योजनाले देहायका रणनीतिक सबालहरूलाई सम्बोधन गर्नुपर्ने देखिएको छः-

(क) विभिन्न वित्तीय उपकरणहरुको माध्यमबाट वित्तीय स्रोतको परिचालन गरी त्यस्तो रकम जलविद्युत आयोजनाहरुको लगानी गर्ने जस्तो नितान्त वित्तीय प्रकृतिको कार्य गर्ने निकायका रूपमा स्थापना भई नेपाल सरकारले वित्तीय संस्थाको रुपमा तोकेको र तद्अनुरुप नेपाल राष्ट्र बैङ्कले सहवित्तीयकरणमा सहभागी भई कर्जा प्रवाह गर्ने स्वीकृत प्रदान गरेको तर कम्पनी नेपाल राष्ट्र बैङ्कको नियमन तथा सुपरीवेक्षणको दायरामा अटाउने स्पष्ट कानूनी आधार नभएका कारण भविष्यमा वित्तीय स्रोत परिचालन तथा लगानी विस्तारमा कठिनाई उत्पन्न हुने देखिएकाले नेपाल राष्ट्र बैङ्कको नियमनको दायरामा आउने गरी कम्पनीको वर्तमान स्वरुपमा रुपान्तरण गर्नु पर्ने देखिएको छ।

(ख) कम्पनी स्थापनाकालदेखि हालसम्मको व्यवसाय एवं लगानीमा भएको सुस्त प्रगतिलाई हेर्दा कम्पनीको रणनीतिक सुधारका कार्यलाई अघि बढाउन नसकिएमा शेयर लगानीकर्ता एवं सरोकारवालाहरुको कम्पनीप्रतिको विश्वसनीयता कमजोर हुन सक्ने सम्भावनालाई दृष्टिगत गरी व्यवसाय विस्तार, संस्थागत सुदृढीकरण, क्षमता विकास र सुशासनको प्रवर्द्धन गरी कम्पनीको विश्वसनीयता अभिवृद्धि गर्न आवश्यक भएको छ।

(ग) कम्पनीको कुल वित्तीय स्रोतको ६५ प्रतिशतभन्दा बढी रकम बैङ्कको मुद्दती निक्षेपमा नै उपयोग भइरहेको र आयोजनाहरूमा ऋण तथा शेयरमा लगानीको अंश अपेक्षाकृत वृद्धि हुन नसकेको सन्दर्भमा आयोजनाहरूमा लगानी वृद्धि गर्नेतर्फ रणनीतिक रूपमा क्रियाशील हुन र यसको लागि आयोजनाको विकास गर्ने तथा त्यस्ता आयोजनाहरुमा लगानी गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूसँग रणनीतिक साझेदारीको विकास गर्न र सोको परिणाममूलक कार्यान्वयन गर्न सार्थक प्रयास गर्नुपर्ने देखिएको छ।

(घ) ऋण लगानी भएको रकम असुली सम्बन्धी कानूनी पूर्वाधारहरु तयार नभएसम्म कम्पनीले बैङ्क तथा वित्तीय संस्थाको अगुवाईमा सहवित्तीयकरणमा सहभागी भएर मात्र ऋण लगानी गरी वि.सं. २०६९ सालमा नेपाल राष्ट्र बैङ्कले कम्पनीलाई स्वीकृति प्रदान गरेको र सो व्यवस्था हालसम्म कायम रहेका कारण कम्पनीको ऋण लगानीको क्षेत्र सङ्कुचित हुन गएकाले लगानीमा अपेक्षाकृत प्रगति हुन नसकेको हुँदा प्रबन्धपत्रको कार्यदिश बमोजिम

ऋण लगानी गर्न पाउने गरी नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति प्राप्त गर्न आवश्यक छ।

(ङ) कम्पनी स्थापना भएको एक दशक पूरा भइसक्दा पनि वित्तीय स्रोतका रूपमा शेयर पुँजी मात्र रहेको सन्दर्भमा प्रबन्धपत्रको कार्यादेश बमोजिम विभिन्न वित्तीय उपरकण तथा सर्टिफिकेट अफ डिपोजिटको माध्यमबाट वित्तीय स्रोत परिचालन गरी लगानी विस्तार गर्नेतर्फ सार्थक प्रयास गर्न आवश्यक छ।

(च) कम्पनीले स्थापना गरेका सहायक कम्पनीहरू मार्फत् एवं अन्तर्राष्ट्रिय रणनीतिक साझेदारीमा अघि बढाइएका जलविद्युत आयोजनाहरूको कार्यान्वयनका लागि वित्तीय व्यवस्थापन लगायतका निर्माण पूर्वका कार्यहरु सम्पन्न गरी निर्माण प्रक्रिया अघि बढाउन कम्पनीले सहयोगी एवं समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने भएको छ।

(छ) कम्पनीको कार्यसञ्चालनलाई मितव्ययी र परिणाममुखी बनाई कम्पनीको वित्तीय स्वास्थ्य (Financial Health) दिगो र विश्वसनीय बनाउन उपयुक्त कार्यसञ्चालन विधि तथा मापदण्डहरु निर्धारण गर्नुपर्ने देखिएको छ।

(ज) आन्तरिक तथा बाह्य स्रोतबाट तुलनात्मक रूपमा सस्तो एवं दीर्घकालीन प्रकृतिको वित्तीय स्रोतको सङ्कलन गरी त्यस्तो रकम आयोजनाहरूको शेयर तथा ऋणमा सन्तुलित रूपमा लगानी गरी आय वृद्धि गर्न तथा लगानीकर्तालाई दिगो एवं भरपर्दो प्रतिफल सुनिश्चित गर्नुपर्ने देखिएको छ।

(झ) कम्पनीको विश्वसनीयता अभिवृद्धि गरी लक्षित उद्देश्य पूरा गर्न संस्थागत क्षमताको विकास, आन्तरिक सुशासनको प्रवर्द्धन, कार्य प्रक्रियामा सरलीकरण, सूचना तथा सञ्चार प्रणालीको भरपुर उपयोग एवं नीति नियमको पर्याप्तता र सोको अनुपालनाको सुनिश्चितता गर्नेतर्फ ठोस कदम चाल्न आवश्यक छ।

(ञ) कम्पनीबाट लगानी भएका आयोजना एवं प्रवर्द्धकहरुसँग आयोजना निर्माण एवं सञ्चालन व्यवस्थापनसँग सम्बन्धित विविध विषयहरुमा गहन छलफल एवं अन्तरकृयाका कार्यक्रमहरु गर्नुपर्ने देखिएको छ।

## ९. कम्पनीको रणनीतिक योजनाको अवधारणाः

### ९.१ रणनीतिक योजनाको कार्यदिशाः

कम्पनीका सबल पक्षहरुको उचित उपयोग, दुर्बल पक्षहरुमा सुधार, व्यवसायसँग सम्बन्धित सम्भावित चुनौती एवं जोखिमहरुको उचित व्यवस्थापन गरी प्राप्त अवसरहरुको उच्चतम उपयोग गर्नेतर्फ केन्द्रित रही कम्पनीको रुपान्तरणको माध्यमबाट व्यवसाय विस्तार गरी लगानीकर्ताहरुलाई उचित प्रतिफल प्रदान गर्ने, सरोकारवालाहरुको विश्वास अभिवृद्धि गर्ने तथा जलविद्युत क्षेत्रमा लगानी विस्तारको

माध्यमबाट मुलुकको समृद्धिको अभियानमा सहयोग गर्नेतर्फ लक्षित रही कम्पनीको प्रस्तुत रणनीतिक योजनाको कार्यदिशा तय गरिएको छ।

## ९.२ रणनीतिक सोचः

### (क) दूर दृष्टिः

कम्पनीलाई जलविद्युतसँग सम्बन्धित आयोजनामा लगानी गर्ने मुलुकको सक्षम र अग्रणी संस्थाको रूपमा विकास गर्ने।

### (ख) दीर्घकालीन कार्यदिशाः

- वित्तीय स्रोत परिचालन तथा जलविद्युतका क्षेत्रमा लगानी विस्तारको माध्यमबाट राष्ट्रिय आय, जलविद्युत उत्पादन तथा आपूर्ति र रोजगारीमा अभिवृद्धि गरी राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान गर्ने।
- वित्तीय स्रोतको परिचालन तथा सन्तुलित लगानी व्यवस्थापनको माध्यमबाट लगानीकर्तालाई आकर्षक प्रतिफल प्रदान गर्ने।
- संस्थागत सुदृढीकरण, क्षमता विकास, संस्थागत सुशासन प्रवर्द्धन र व्यवसाय विस्तारको माध्यमबाट कम्पनीलाई सक्षम र विश्वसनीय संस्था (Most Preferred Institution) को रूपमा विकास गर्ने।

### (ग) दीर्घकालीन सोचः

आगामी दश वर्षभित्र कम्पनीलाई जलविद्युतका क्षेत्रमा सबैभन्दा बढी लगानी भएको कम्पनीका रूपमा स्थापित गर्ने।

## ९.३ दीर्घकालीन उद्देश्यः

दीर्घकालीन सोचलाई पूरा गर्न आगामी दश वर्षको उद्देश्य देहाय बमोजिम निर्धारण गरिएको छः-

### (क) लगानी संरचनाः

- दिगो एवं आकर्षक प्रतिफलको सुनिश्चितताका लागि आयोजनाहरुको शेयर तथा ऋणमा सन्तुलित रुपले लगानी गर्ने गरी दीर्घकालीन लगानी संरचना (Portfolio) देहाय बमोजिम तयार गर्नेः-

| लगानी संरचना | अधिकतम | न्यूनतम |
|---|---|---|
| शेयर लगानी | ६५ प्रतिशत | ४५ प्रतिशत |
| ऋण लगानी | ५५ प्रतिशत | ३५ प्रतिशत |

- परिचालन भएको वित्तीय स्रोतको न्यूनतम ९० प्रतिशत रकम जलविद्युत आयोजनाहरूमा लगानी गर्ने।

- कुल लगानीमध्ये न्यूनतम ७५ प्रतिशत जलविद्युत विकाससँग सम्बन्धित आयोजनामा र अधिकतम २५ प्रतिशत जलविद्युतको प्रसारण, वितरण तथा व्यापारसँग सम्बन्धित आयोजनाहरुमा लगानी गर्ने गरी पोर्टफोलियो व्यवस्थापन गर्ने।

**(ख) आयोजना विकासमा योगदानः**

करिब १० हजार मेगावाट जडित क्षमताका जलविद्युत आयोजनाहरूमा रु. १५० अर्ब बराबरको शेयर पुँजी र ऋण लगानीमा कम्पनीको संलग्नता रहने।

**(ग) वित्तीय स्रोतको परिचालनः**

कम्पनीको पुँजीकोषमा न्यूनतम तीनगुणा लचकता (Leverage) कायम गर्ने गरी शेयर पुँजी बापत रु.४० अर्ब र अन्य वित्तीय उपकरणको माध्यमबाट रु. १२० अर्बसहित कुल रु. १६० अर्ब वित्तीय स्रोतको परिचालन गर्ने।

**(घ) प्रतिफलः**

कम्पनीका शेयरधनीहरूलाई वार्षिक न्यूनतम १० प्रतिशत दीर्घकालीन प्रतिफल प्रदान गर्ने गरी वित्तीय स्रोतको व्यवस्थापन गर्ने।

## ९.४ रणनीतिक योजनाको लक्ष्यः

कम्पनीको दीर्घकालीन उद्देश्य अनुरुप लक्ष्य हासिल गर्न यस रणनीतिक योजनाले योजना अवधि (आर्थिक वर्ष २०७८/०७९ देखि २०८१/०८२ सम्म) मा देहायको भौतिक एवं वित्तीय उपलब्धि हासिल गर्ने लक्ष्य रहेको छः-

(क) **लगानी संरचनाः** कुल लगानीमध्ये शेयर लगानीतर्फ न्यूनतम ४५ प्रतिशतदेखि र अधिकतम ६५ प्रतिशतसम्म र ऋण लगानीतर्फ न्यूनतम ३५ प्रतिशतदेखि अधिकतम ५५ प्रतिशतसम्मको लगानी संरचना (Portfolio) कायम गर्ने दीर्घकालीन लक्ष्य अनुरुप ऋण तथा लगानीको संरचना कायम गर्ने।

(ख) **लगानी प्रतिबद्धताः** करिब ६५०० मेगावाट जडित क्षमताका जलविद्युत आयोजनाहरूमा करिब रु. १०० अर्ब बराबरको शेयर पुँजी र ऋण लगानीको लगानी प्रतिबद्धता रहने।

(ग) **लगानी प्रवाहः** प्रतिबद्धता गरिएका आयोजनाहरुमा करिब रु. ३२ अर्ब ऋण र शेयर बापत लगानी रकम प्रवाह गर्ने।

(घ) **वित्तीय स्रोत परिचालनः** शेयर पुँजी बापत रु. २२ अर्ब र अन्य वित्तीय उपकरणको माध्यमबाट रु. १५ अर्बसहित कुल रु. ३७ अर्ब वित्तीय स्रोतको परिचालन गर्ने।

(ङ) **तरलता व्यवस्थापनः** परिचालन भएको वित्तीय स्रोतको न्यूनतम् ९० प्रतिशत रकम विद्युत आयोजनाहरूमा लगानी प्रवाह गर्ने।

## ९.५ रणनीतिक योजनाले लिएका मान्यताहरुः

रणनीतिक योजनाका भौतिक लक्ष्य तथा उद्देश्य निर्धारण गर्दा देहायका अनुमान तथा मान्यताहरुलाई प्रमुख आधारको रुपमा लिइएको छः-

(क) जलविद्युत आयोजनाहरुको लगानी तथा विकासलाई प्रोत्साहन गर्न नेपाल सरकारले अवलम्बन गरेका नीति पूर्णरुपले कार्यान्वयन हुनेछ र त्यस्ता नीतिहरुले भविष्यमा निरन्तरता पाउनेछन्।

(ख) नेपाल सरकारले गरेको अनुमान अनुरुप विद्युतको वितरण, माग र खपतमा वृद्धि हुनेछ।

(ग) विद्युतको अन्तर्राष्ट्रिय व्यापारको मार्गप्रसस्त हुनेछ र सोको लागि आवश्यक संरचना र पूर्वाधार निर्माण हुनेछ।

(घ) कम्पनीको अनुरोध बमोजिम वित्तीय स्रोत परिचालन तथा ऋण लगानीको दायरा विस्तार गर्न नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति प्राप्त हुनेछ।

(ङ) विभिन्न वित्तीय उपकरणको माध्यमबाट आन्तरिक एवं बाह्य स्रोतबाट लगानी योग्य पुँजी परिचालन गर्न नेपाल सरकार र नेपाल राष्ट्र बैङ्कबाट आवश्यक समन्वय र सहजीकरण हुनेछ।

(च) आयोजनको विकास तथा लगानीसँग सम्बन्धित निकायहरुसँग सार्थक साझेदारी र सहकार्यको वातावरण विकास हुनेछ।

(छ) रणनीतिक सुधार योजना र सोको कार्यान्वयनमा सरोकारवाला निकायबाट अपेक्षित सहयोग, समन्वय र सहजीकरण हुनेछ।

रणनीतिक योजना तयार गर्दा लिइएका अनुमान एवं मान्यताहरु अनुमान गरे भन्दा उल्लेख्य रुपमा फरक पर्ने अवस्था आएमा सञ्चालक समिति, विज्ञ एवं सरोकारवाला निकायहरुसँग समन्वय एवं छलफल गरी आवश्यकता अनुसार रणनीतिक योजनाका लक्ष्य एवं उद्देश्यहरुको पुनरावलोकन गरिनेछ।

## १०. रणनीतिक सुधार योजनाः

## १०.१ रणनीतिक सुधार स्तम्भहरूः

(क) संस्थागत एवं संरचनागत रुपान्तरण।

(ख) रणनीतिक साझेदारीको विकास।

(ग) दिगो एवं भरपर्दो वित्तीय स्रोतको परिचालन।

(घ) सुरक्षित र सन्तुलित लगानी व्यवस्थापन।

(ङ) क्षमता विकास, संस्थागत सुशासन र उत्पादकत्व अभिवृद्धि।

**१०.२ प्रमुख रणनीतिहरूः**

(क) नेपाल राष्ट्र बैङ्कको पूर्ण नियमन र सुपरीवेक्षणमा रहने गरी कम्पनीको संरचनागत तथा संस्थागत रूपान्तरण र विकास गर्ने।

(ख) कम्पनीको पुँजीमा पुनर्संरचना गरी शेयर संरचनामा अन्तर्राष्ट्रिय रणनीतिक साझेदार (Strategic partner) लाई सहभागी गराई कम्पनीमा अन्तर्राष्ट्रिय अनुभव र स्रोत साधन भित्र्याउन प्रयास गर्ने।

(ग) वित्तीय स्रोतको परिचालन तथा लगानीको विस्तारका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग सहकार्य र रणनीतिक साझेदारी कायम गरी नेपाल सरकारले प्राथमिकतामा राखेका आयोजनाहरुको वित्तीय व्यवस्थापन गर्ने प्रमुख वित्तीय व्यवस्थापकको रुपमा भूमिका निर्वाह गर्ने।

(घ) सहायक कम्पनी मार्फत् एवं रणनीतिक साझेदारीमा अघि बढाइएका आयोजनाहरुको विस्तृत अध्ययन सम्पन्न र लगानीको ढाँचा निर्धारण गरी कार्यान्वयन प्रक्रिया अघि बढाउने।

(ङ) बण्ड, डिवेञ्चर, सर्टिफिकेट अफ डिपोजिट आदि जस्ता वित्तीय उपकरण एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाबाट ऋण तथा अनुदान प्राप्त गरी लगानी योग्य पुँजी अभिवृद्धि गर्ने।

(च) शेयर लगानीकर्ताहरूको दीर्घकालीन प्रतिफल उच्चतम कायम गर्न आयोजनाहरुको शेयरमा हुने लगानीलाई प्राथमिकतामा राखी शेयर लगानी र ऋण लगानी बीच सन्तुलन कायम हुने गरी लगानी विस्तार गर्ने।

(छ) कम्पनीको संस्थागत क्षमता अभिवृद्धि, संस्थागत सुशासन प्रवर्द्धन, सूचनामा आधारित व्यवस्थापन पद्धतिको विकास, मितव्ययी तथा परिणाममुखी कार्यसञ्चालन पद्धतिको विकास एवं संस्थागत सामाजिक उत्तरदायित्वको प्रवर्द्धनका माध्यमबाट कम्पनीको सार्वजनिक विश्वसनीयता अभिवृद्धि गर्ने।

**१०.३ कार्यनीतिहरूः**

**(क) रणनीति १०.२ को खण्ड (क) सँग सम्बन्धितः**

- कम्पनीलाई नेपाल राष्ट्र बैङ्कको नियमन तथा सुपरीवेक्षणको दायरामा ल्याउने गरी कम्पनीको संस्थागत एवं संरचनागत रूपान्तरण गर्न सम्भाव्यता अध्ययन गरी कम्पनीको उपयुक्त स्वरुप निर्धारण गर्ने।
- कम्पनीका क्रियाकलापलाई वित्तीय स्रोत परिचालन र जलविद्युत आयोजनाको शेयर तथा ऋण लगानीमा केन्द्रित गर्ने तथा आयोजना विकासमा आफैं मुख्य प्रवर्द्धक भई प्रत्यक्ष रुपमा संलग्न नहुने गरी कम्पनीको कार्यक्षेत्रमा पुनरावलोकन गर्ने।
- नियामकको आवश्यकता (Regulatory Requirement) अनुरुप मौजुदा नीति तथा कार्यविधि एवं कार्य प्रक्रियामा सुधार गर्ने।
- जलविद्युतसँग सम्बन्धित आयोजनामा लगानी गर्ने बैङ्क, वित्तीय संस्था तथा अन्य लगानीकर्ताहरुलाई Due Deligence Audit/ DDA र परियोजनाको प्राविधिक एवं वित्तीय विश्लेषण आदिको कार्यमा परामर्शदाताको सेवा प्रदान गर्ने।
- सहवित्तीयकरणको नेतृत्व गर्ने, आयोजनाहरुमा प्रत्यक्ष ऋण लगानी गर्ने तथा गैर बैङ्क, वित्तीय संस्थाहरुको सहकार्यमा ऋण लगानी गर्ने गरी नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति प्राप्त गर्ने।
- मझौला तथा ठूला आयोजनाहरुमा कम्पनीको लगानी केन्द्रित हुने गरी ५० मेगावाट वा सो भन्दा माथिका आयोजनाहरुमा मात्र ऋण वा स्वपुँजी लगानी गर्ने नीतिगत व्यवस्था गर्ने।
- कार्य प्रकृतिका आधारमा कम्पनीको ब्राण्डिङ्ग गर्ने।

**(ख) रणनीति १०.२ को खण्ड (ख) सँग सम्बन्धितः**

- कम्पनीको शेयर संरचनामा अन्तर्राष्ट्रिय रणनीतिक साझेदार (Strategic Partner) लाई सहभागी गराउन सम्भावित लगानीकर्ताहरुको खोजी गर्ने।
- अन्तर्राष्ट्रिय रणनीतिक साझेदार (Strategic Partner) लाई सहभागी गराउने गरी कम्पनीको पुँजी संरचना र अन्य कानूनी दस्तावेजहरुमा परिमार्जन गर्ने।
- कम्पनीको परिवर्तित स्वरूप बमोजिम कम्पनीको मौजुदा नीति एवं संरचनामा परिमार्जन गर्ने।

**(ग) रणनीति १०.२ को खण्ड (ग) सँग सम्बन्धितः**

- नेपाल विद्युत प्राधिकरण, चिलिमे जलविद्युत कम्पनी, विद्युत विकास कम्पनी, नेसनल ग्रीड कम्पनी लगायत जलविद्युत आयोजनाको प्रवर्द्धन तथा विकास गर्ने सरकारी निकायहरूसँग रणनीतिक साझेदारीको विकास गरी त्यस्ता आयोजनाहरुको प्रमुख वित्तीय व्यवस्थापकको भूमिका निर्वाह गर्ने।

- नेपाल सरकारले प्राथमिकतामा राखेका आयोजनाहरुको वित्तीय व्यवस्थापन गर्ने प्रमुख वित्तीय व्यवस्थापकको रुपमा भूमिका निर्वाह गर्न नेपाल सरकारका सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गर्ने।
- वैदेशिक वित्तीय स्रोत परिचालन गर्न विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैङ्क लगायतका अन्तर्राष्ट्रिय संस्था एवं लगानीकर्ता लगायत गैरआवासीय नेपालीहरुसँग रणनीतिक साझेदारी कायम गर्ने।
- आयोजनाहरूमा कर्जा लगानीका लागि वाणिज्य बैङ्कहरू, नेपाल पूर्वाधार बैङ्क एवं कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, राष्ट्रिय बीमा संस्थान लगायतका गैरबैङ्किङ्ग वित्तीय संस्था एवं संस्थागत लगानीकर्ताहरुसँग सहकार्य र साझेदारीको विकास गर्ने।
- निजी क्षेत्रका उर्जा उद्यमीहरुको छाता सङ्गठन स्वतन्त्र उर्जा उत्पादक सङ्घसँग सहकार्य र साझेदारीको विकास गरी निजी क्षेत्रबाट विकास हुने लगानी योग्य आयोजनाहरुको पहिचान गर्ने।

**(घ) रणनीति १०.२ को खण्ड (घ) सँग सम्बन्धितः**

- कम्पनीका सहायक कम्पनीहरुको शेयर संरचना र वित्तीय स्वरुप (Financing Modality) तय गरी त्यस्ता कम्पनीहरुबाट विकास गरिने आयोजनाको निर्माण आगामी पाँच वर्षभित्रमा सम्पन्न गर्ने गरी निर्माण प्रक्रिया अघि बढाउने।
- पावरचाइनासँगको रणनीतिक साझेदारीमा अघि बढाइएको माडी जलाशययुक्त आयोजना र तमोर जलाशययुक्त आयोजनाको विस्तृत अध्ययनको कार्य सम्पन्न गरी निर्माण प्रक्रिया अघि बढाउने।

आयोजनाहरुको अनुमानित कार्यसूची अनुसूची-४ मा प्रस्तुत गरिएको छ।

**(ङ) रणनीति १०.२ को खण्ड (ङ) सँग सम्बन्धितः**

- साधारणसभाको निर्णय बमोजिमको हकप्रद शेयर जारी गर्ने प्रक्रिया सम्पन्न गर्ने।
- तुलनात्मक रूपमा सहुलियत दर र दीर्घकालीन प्रकृतिको वित्तीय स्रोत परिचालनमा जोड दिने।
- विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा निगम, एसियाली विकास बैङ्क, सार्क फण्ड लगायतका अन्तर्राष्ट्रिय संस्थाहरुबाट सहुलियत दरको दीर्घकालीन ऋण प्राप्त गर्न प्रयास गर्ने।
- नेपाल राष्ट बैङ्कबाट स्वीकृति प्राप्त गरी बैङ्क तथा वित्तीय संस्थाहरूको अनिवार्य तरलता अनुपात (SLR) मा गणना गर्न पाउने गरी कुनै खास परियोजनामा लगनीका लागि पावर बण्ड जारी गर्ने।

- आवश्यक पूर्वाधार र संरचना तयार गरी नेपाल राष्ट्र बैङ्कको स्वीकृतिमा सर्टिफिकेट अफ डिपोजिट जारी गर्ने।
- गैरआवासीय नेपाली एवं तिनीहरुको सङ्गठनसँग सहकार्य गरी परियोजनना विकासका लागि कम्पनीमार्फत् वैदेशिक लगानी ल्याउन प्रयास गर्ने।
- जलाशययुक्त आयोजनाको निर्माणमा हुने लगानीका लागि Viability Gap Fundng को रुपमा नेपाल सरकारबाट सहुलियत दरको ऋण तथा अनुदान प्राप्त गर्ने।

## (च) रणनीति १०.२ को खण्ड (च) सँग सम्बन्धितः

- तुलनात्मक रुपमा ठूला, सार्वजनिक निकायले प्रवर्द्धन गरेका तथा नेपाल सरकारले प्राथमिकतामा राखेका एवं परियोजना विकास सम्झौता (PDA) भएका आयोजनाहरुको शेयर लगानीलाई पहिलो प्राथमिकतामा राखी लगानी संरचना तयार गर्ने।
- कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष लगायतका गैरबैङ्किङ्ग वित्तीय संस्थाहरूसँग सहकार्य गरी सरकारी प्राथमिकताका ठूला आयोजनाहरुमा ऋण लगानी गर्ने।
- सहवित्तीयकरणको नेतृत्व गरी बैङ्क तथा वित्तीय संस्थाहरूसँगको सहकार्यमा सहवित्तीयकरण कर्जा विस्तार गर्ने।
- अन्तर्राष्ट्रिय विकास साझेदारहरूसँग मिली आयोजनाहरुमा संयुक्त लगानी विस्तार गर्ने।
- सम्बन्धित निकायहरुसँग सहकार्य गरी सम्भाव्य विद्युत प्रसारण तथा वितरणसँग सम्बन्धित आयोजनाहरुमा लगानी गरी लगानीको विविधीकरण गर्ने।

## (छ) रणनीति १०.२ को खण्ड (छ) सँग सम्बन्धितः

## (अ) मानव संसाधन व्यवस्थापनः

- कम्पनीमा स्थायी संयन्त्रको निर्माण गरी संस्थागत स्मरण कायम गर्न नियमित प्रकृतिका काम गर्ने पदहरू स्थायी दरबन्दीबाट पूर्ति गरी विशेषज्ञता भएका पदहरू करार सेवाबाट लिने व्यवस्था गर्ने।
- मानव संसाधन व्यवस्थापन तथा विकास नीति लागू गरी वृत्ति विकास योजनालाई पूर्वानुमान योग्य बनाउने।
- मौजुदा सङ्गठनात्मक संरचना र दरबन्दीमा सुधार गरी नयाँ संरचना र कर्मचारी दरबन्दी लागू गर्ने।
- कम्पनीको व्यवस्थापकीय तहमा सक्षम र अनुभवी जनशक्ति रिक्त हुन नदिन व्यवस्थापन उत्तराधिकार योजना तयार गरी कार्यान्वयन गर्ने।

- कर्मचारीहरुको मनोबल कायम गरी उत्पादकत्व अभिवृद्धि गर्न तथा दक्ष जनशक्तिलाई कम्पनीमा टिकाई राख्न समान प्रकृतिका निकायहरुको अभ्यास समेतको आधारमा कर्मचारीको सेवा सुविधामा समयानुकूल पुनरावलोकन गरी कार्यसम्पादनमा आधारित बनाउने।

**(आ) उत्पादकत्व अभिवृद्धिः**

- सञ्चालक समितिले प्रमुख कर्यकारी अधिकृतसँग गर्ने कार्यसम्पादन करार र सोको मूल्याङ्कन कार्यविधिलाई कार्यमूलक र परिणाममुखी बनाउने गरी सुधार गर्ने।
- मूल्याङ्कन योग्य कार्यसम्पादन लक्ष्य र मूल्याङ्कन कार्यविधि निर्धारण गरी व्यवस्थापकीय तहका कर्मचारीहरूसँग प्रमुख कार्यकारी अधिकृतले वार्षिक रूपमा कार्यसम्पादन करार गर्ने।
- व्यवस्थापकीय तहका कर्मचारीहरुको सेवाका शर्तहरुलाई कार्यसम्पादन मूल्याङ्कनको स्तरसँग आबद्ध गरी तद्अनुरुप कार्यान्वयन गर्न प्रमुख कार्यकारी अधिकृतलाई अधिकार सम्पन्न र जिम्मेवार बनाउने।
- कर्मचारीहरुको कार्यविवरणको आधारमा मापनयोग्य सूचकहरुको विकास गरी कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई वैज्ञानिक र वस्तुपरक बनाउने एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गर्ने।
- व्यावसायिक कार्यको पुनरावलोकन (Business Process Reengineering) को आधारमा कार्यसञ्चालन निर्देशिका (SOP) तयार गरी निर्णय प्रक्रियालाई छिटो छरितो बनाउने।

**(इ) संस्थागत सुशासन प्रवर्द्धनः**

- प्रमुख कार्यकारी अधिकृत र कर्मचारीहरूले पालना गर्नुपर्ने आचारसंहिता तयार गरी लागू गर्ने।
- संस्थागत सुशासन सम्बन्धी कार्यविधि लागू गर्ने।
- नेपाल वित्तीय प्रतिवेदनमान अनुरूप लेखा नीति, लेखा शीर्षकहरूको सूची र लेखा निर्देशिका तयार गर्ने।
- कम्पनीका मौजुदा नीति, नियम तथा कार्यविधिहरुको आवधिक पुनरावालोकन गर्ने।
- कम्पनीका गतिविधिहरुको नेपाल राष्ट्र बैङ्कबाट नियमित रुपमा सुपरीवेक्षण हुने व्यवस्था मिलाई सोको प्रतिवेदनको कार्यान्वयन गर्ने।
- सहायक कम्पनीहरु एवं कम्पनीबाट लगानी भएका आयोजनाहरुको प्रभावकारी अनुगमनको लागि उपयुक्त संयन्त्र र पद्धतिको विकास गर्ने।

- कम्पनीका गतिविधिहरुको त्रैमासिक प्रगति विवरण तयार गरी सरोकारवाला निकायहरुमा अनिवार्य रुपमा पठाउने व्यवस्था गर्ने।
- वर्षमा कम्तीमा एक पटक संस्थागत लगानीकर्ताहरु, सरोकारवाला निकायहरु तथा आधारभूत शेयरधनीहरुसँग बैठक बसी कम्पनीका गतिविधिहरुको समीक्षा गर्ने।
- समयमै आन्तरिक तथा बाह्य लेखापरीक्षण सम्पन्न गराई लेखापरीक्षण प्रतिवेदनका सुझावहरुको यथाशीघ्र कार्यान्वयन गर्ने।
- प्रचलित कानून बमोजिम सूचीकृत कम्पनीको लागि लागू हुने अनुपालना (Compliance) सम्बन्धित व्यवस्थाहरु पूर्ण पालनाको सुनिश्चित गर्ने।

**(ई) विद्युतीय प्रणालीको प्रयोगः**

- मौजुदा Enterprise Resource Planning (ERP) मा सुधार गरी सूचनामा आधारित व्यवस्थापन पद्धतिको विकास गर्ने।
- कम्प्युटरमा आधारित डाटाहरुको व्यवस्थापनलाई सुरक्षित र विश्वसनीय बनाउनुको साथै Disaster Recovery Site को व्यवस्था गर्ने।
- सूचना तथा सञ्चार व्यवस्थापन सम्बन्धी नीति (ICT Policy) तयार गरी लागू गर्ने।

**(उ) सम्पत्ति व्यवस्थापनः**

- कम्पनीको स्थायी भौतिक संरचनाको निर्माण गरी सम्पत्ति व्यवस्थापनलाई चुस्त, मितव्ययी र परिमाणमूलक बनाउने।
- सम्पत्तिको उत्पादकत्व अभिवृद्धि गर्न सो सम्बन्धी निर्देशिका तयार गरी लागू गर्ने।
- सम्पत्ति तथा दायित्व व्यवस्थापन समितिलाई क्रियाशील बनाउने।

**(ऊ) क्षमता अभिवृद्धिः**

- आयोजनाको आर्थिक तथा प्राविधिक मूल्याङ्कनका लागि प्राविधिक जनशक्तिको सीप र दक्षता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने।
- सहवित्तीयकरणको नेतृत्व गर्न तथा आयोजनाको विश्लेषण सम्बन्धी परामर्श सेवा प्रदान गर्न उपयुक्त संरचना विकास गरी क्षमता अभिवृद्धि गर्ने।
- कर्मचारीको ज्ञान र क्षमता विकास एवं अनुभवको आदान-प्रदानका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुसँग सहकार्य गर्ने।
- वर्षमा कम्तीमा एक पटक सञ्चालक शिक्षा कार्यक्रम लागू गर्ने।

**(ए) जोखिम व्यवस्थापनः**

- अन्तर्राष्ट्रिय असल अभ्यासहरू समेतको आधारमा जोखिम व्यवस्थापन कार्यविधिमा सुधार गर्ने।
- लगानी गरिएका आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी र वस्तुपरक बनाउने।
- अनुगमन तथा मूल्याङ्कन तथा जोखिम विश्लेषणका लागि उपयुक्त संरचनाको विकास गर्ने।

**(ऐ) खर्च नियन्त्रणः**

- शिरोभार खर्चलाई निश्चित सीमामा कायम गर्न खर्च सम्बन्धी मापदण्ड तयार गरी लागू गर्ने।
- सूचना तथा सञ्चार पद्धतिको उपयोग र कार्य प्रक्रियाको सुधारका माध्यमबाट निर्णय प्रक्रियालाई क्रमशः कागजरहित बनाउने।

**(उ) निर्णय प्रक्रियामा सुधारः**

- लगानी सम्बन्धी कम्पनीका नीति, निर्देशिका एवं कार्यविधिलाई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय असल अभ्यास समेतका आधारमा पुनरावलोकन गर्ने।
- सञ्चालक समितिलाई नीति निर्माणमा केन्द्रित गराई लगानी सम्बन्धी निर्णयको अधिकार तथा जिम्मेवारी क्रमशः व्यवस्थापकीय तहमा हस्तान्तरण गर्दै लैजाने।

**(ऊ) अनुसन्धान तथा विकासः**

- जलविद्युत विकास तथा लगानी सम्वन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशको नियमित अध्ययन अनुसन्धान गरी प्रतिवेदन तयार गर्ने।

**(इ) संस्थागत सामाजिक उत्तरदायित्वः**

- कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी मापदण्डले निर्दिष्ट गरेका क्षेत्रमा क्रमिक रुपमा कम्पनीको सहयोग वृद्धि गर्दै सामाजिक एवं मानवीय सेवामा कम्पनीको उल्लेख्य उपस्थिति कायम गर्ने।

## ११. कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनः

(क) रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि योजनाले निर्दिष्ट गरेको मार्गचित्र, भौतिक लक्ष्य र रणनीति अनुरुपको क्रियाकलाप, कार्यसम्पादन लक्ष्य, मूल्याङ्कन सूचक, समय सीमा र जिम्मेवार पदाधिकारीसहितको विस्तृत वार्षिक कार्ययोजना तयार गरी सञ्चालक समितिको स्वीकृतिमा लागू गरिनेछ।

(ख) खण्ड (क) बमोजिमको विस्तृत कार्ययोजनाका आधारमा सञ्चालक समितिले सो आर्थिक वर्षभित्रमा प्रमुख कार्यकारी अधिकृतले सम्पादन गर्नुपर्ने प्रमुख कार्यसम्पादन

सूचकहरु (Key Performance Indicators) र कार्यसम्पादन मूल्याङ्कन मापदण्ड (Evaluation criteria) निर्धारण गर्नेछ।

(ग) प्रमुख कार्यकारी अधिकृतले उच्च व्यवस्थापन समूहसँग कार्यसम्पादन लक्ष्य, कार्यसम्पादन मूल्याङ्कन सूचक, कार्यसम्पादन उपलब्धिका आधारमा प्रोत्साहन, पुरस्कार र दण्डसहित प्रष्ट हुने गरी कार्यसम्पादन सम्झौता गर्नेछ।

(घ) रणनीतिक योजना, सो अनुरूपको वार्षिक कार्ययोजना र प्रमुख कार्यसम्पादन सूचकहरुको कार्यान्वयनको अवस्थाका सम्बन्धमा सञ्चालक समितिमा प्रत्येक तीन महिनामा प्रगति समीक्षा हुनेछ।

(ङ) प्रगति समीक्षाको आधारमा सञ्चालक समितिले गरेका मार्गदर्शन एवं दिएको निर्देशन कार्यकारी प्रमुखले कार्यान्वयन गर्नेछ।

(च) प्रमुख कार्यसम्पादन सूचकहरुको प्रगति समीक्षाको आधारमा सञ्चालक समितिले प्रमुख कार्यकारी अधिकृतको र प्रमुख कार्यकारी अधिकृतले मातहतका कर्मचारीको वार्षिक कार्यसम्पादन मूल्याङ्कन गर्नेछन्। यस प्रयोजनका लागि सञ्चालक समितिले आवश्यकता अनुसार उपसमिति वा विज्ञ समूह गठन गरी प्रतिवेदन लिन सक्नेछ।

(छ) कार्यसम्पादन मूल्याङ्कनको नतिजाको आधारमा सञ्चालक समितिले प्रमुख कार्यकारी अधिकृतलाई र प्रमुख कार्यकारी अधिकृतले मातहतका कर्मचारीलाई प्रोत्साहन, पुरस्कार, कारबाही वा मार्गदर्शन गर्नेछ।

(ज) वार्षिक प्रगति समीक्षाको आधारमा सञ्चालक समितिले आवश्यकता अनुसार रणनीतिक योजनाको दीर्घकालीन लक्ष, रणनीति तथा कार्यनीतिहरुलाई पुनरावलोकन, संशोधन तथा थपघट गर्नेछ।

(झ) प्रमुख कार्यकारी अधिकृतले सम्पादन गर्नुपर्ने प्रमुख कार्यसम्पादन सूचकहरु (Key Performance Indicators) अनुरुपको जिम्मेवारी निर्वाह गर्ने क्रममा सञ्चालक समितिले आवश्यकता अनुसार अन्य निकायहरुसँग समन्वय तथा सहजीकरण गरिदिने, आवश्यकता र औचित्यताको आधारमा न्यूनतम स्रोत साधनको प्रबन्ध गर्ने तथा शर्त र अवस्था तोकी प्रमुख कार्यकारी अधिकृतलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

## १२. अन्तरनिहित जोखिम तथा सोको न्यूनीकरणः

| क्र.सं. | जोखिम | न्यूनीकरणका उपायहरु |
|---|---|---|
| १ | रणनीतिक योजना तयारीको क्रममा गरिएको अनुमान तथा परिस्थितिमा सारभूत रुपमा फरक भएमा | यस्तो अवस्थामा खासगरी ऋण तथा शेयर लगानीको परिमाणात्मक लक्ष्य प्रासिमा प्रभाव पार्ने भएकाले आवश्यकता अनुसार |

| क्र.सं. | जोखिम | न्यूनीकरणका उपायहरु |
|---|---|---|
| | योजनाको लक्ष प्रभावित हुन सक्दछ। | वैकल्पिक योजना (Contingemt Plan) तयार गरिनेछ। |
| २ | अकल्पनीय र पूर्वानुमान नगरिएका घटनाक्रमले रणनीतिक योजनाको कार्यान्वयन प्रभावित हुन सक्छ। | त्यस्ता घटनाहरुले खासगरी ऋण तथा शेयर लगानीको परिमाणात्मक लक्ष्य प्राप्तिमा प्रभाव पार्ने भएकाले आवश्यकता अनुसार वैकल्पिक योजना (Contingemt Plan) तयार गरिनेछ। |
| ३ | कम्पनीबाट ऋण तथा शेयर लगानीको लागि प्रतिबद्धता जनाएका आयोजनाको निर्माणमा ढिलाई भएका कारण लक्ष्य बमोजिम समयमा रकम प्रवाह हुन नसकी कम्पनीको ऋण तथा शेयर लगानीको लक्ष्य प्रभावित हुन सक्दछ। | प्रतिबद्धता जनाएका आयोजनहरुमा प्रवाह हुने रकमको योजना (Disbursement Plan) तयार गरिनेछ। साथै, सोको आवधिक रुपमा पुनरावलोकन गरी तद्अनुरुप वित्तीय योजना (Financial Planning) तयार गरिनेछ। |
| ४ | अपेक्षा अनुरुप अन्तरदेशीय विद्युत व्यापार विस्तार हुन नसकेमा आयोजनाका प्रवर्द्धकहरु आयोजना विकास तथा लगानीका लागि निरुत्साहित हुन सक्नेछन्। यसो भएमा लगानीको माग घट्न गई कम्पनीको लगानीको लक्ष्य प्रभावित हुन सक्दछ। | अन्तरदेशीय विद्युत व्यापार विस्तारलाई सरकारले उच्च प्राथमिकतामा राखेको र यसको पर्याप्त सम्भावना रहेको छ। यसको लागि सबै सरोकारवाला निकायहरु बीच सार्थक सहकार्यका लागि पहल गर्ने। |
| ५ | जलविद्युत आयोजनाहरुले हाल पाइरहेको सहुलियत, छुट तथा सुविधाहरुले निरन्तरता नपाएमा आयोजनाका प्रवर्द्धकहरु लगानीका लागि निरुत्साहित भई कम्पनीको लगानीको लक्ष्य प्रभावित हुन सक्दछ। | जलविद्युतका क्षेत्रको लगानीलाई सरकारले प्राथमिकतामा राखेको हुँदा मौजुदा सहुलियत, छुट तथा सुविधाहरुले निरन्तरता पाउने अपेक्षा रहेको छ। |

| क्र.सं. | जोखिम | न्यूनीकरणका उपायहरु |
|---|---|---|
| ६ | मुद्रा बजार तथा पुँजी बजारको प्रतिकूलताका कारण अपेक्षा बमोजिम वित्तीय उपकरणहरुबाट पुँजी परिचालन गर्न कठिन हुन सक्दछ। | उपयुक्त प्रतिफल र विशेष सहुलियतसहितको वित्तीय उपकरणको विकास (Product Development) गरिनेछ। |
| ७ | रणनीतिक साझेदारीमा सञ्चालन हुने आयोजनाहरु हाल अध्ययनको प्रारम्भिक चरणमा नै रहेको, वित्तीय एवं प्राविधिक सम्भाव्यता यकिन भइनसकेको, धेरै निकायहरुसँग समन्वय गर्नुपर्ने, आयोजना व्यवस्थापनसँग सम्बन्धित विभिन्न सबालहरुलाई सम्बोधन गर्नुपर्ने तथा तुलनात्मक रुपमा ठूलो आकारको आयोजना भएकाले लक्ष्यअनुरुप कार्यान्वयन गर्न कठिन हुन सक्दछ। | जलाशययुक्त आयोजनाहरुलाई सरकारले विशेष प्राथमिकतामा राखेको हुँदा सबै सरोकारवाला निकायहरुबाट आवश्यक सहयोग र समन्वय हुने विश्वास रहको छ। चीन सरकारको स्वामित्व रहेको प्रतिष्ठित र अनुभवी कम्पनीसँगको सहकार्यमा आयोजना विकास गरिने हुँदा आयोजना व्यवस्थापन सहज हुनेछ। आयोजनाको विस्तृत अध्ययन पश्चात् वित्तीय रुपले सम्भाव्य हुने गरी आयोजनाको वित्तीय स्वरुप (Financial Modality) निर्धारण गरिनेछ। |
| ८ | हाल Run of the River आयोजनाहरुको विद्युत खरिद सम्झौता स्थगित भएका कारण लगानी योग्य आयोजनाहरुको सङ्ख्या र लगानीको अवसर सङ्कुचित हुन सक्ने सम्भावना रहेको छ। | ROR आयोजनाहरुको साथसाथै अर्धजलाशययुक्त आयोजनाको लगानीलाई प्राथमिकतामा राखिनेछ। |
| ९ | बैङ्क तथा वित्तीय संस्थाहरुले वि.सं. २०८१ भित्रमा आफ्नो कुल कर्जा तथा सापटीको १० प्रतिशत रकम उर्जाको क्षेत्रमा लगानी गर्नुपर्ने भएको र बैङ्कहरु बीच व्याजदरमा समेत प्रतिस्पर्धा हुन सक्ने देखिएकाले ऋण लगानीको क्षेत्र | कम्पनीको प्रतिस्पर्धात्मक क्षमतामा विस्तार तथा कार्य प्रक्रियामा सुधार गरिनेछ। ऋण र शेयर लगानीमा उपयुक्त सन्तुलन कायम हुने गरी जोखिम न्यूनीकरण गरिनेछ। |

| क्र.सं. | जोखिम | न्यूनीकरणका उपायहरु |
| --- | --- | --- |
| | सङ्कुचित हुनाको साथै प्रतिफलको दृष्टिकोणबाट कम्पनीको आकर्षक नहुन सक्दछ। | |

## अनुसूची-१

## पहिलो पाँचवर्षे रणनीतिक योजना (आर्थिक वर्ष २०७४/०७५ देखि आर्थिक वर्ष २०७८/०७९ सम्म) को लक्ष्य र प्रगतिको अवस्था

| आयोजना | पाँचवर्षे व्यावसायिक लक्ष |  | आ.व. २०७७/०७८ सम्मको लक्ष |  | आ.व. २०७७/०७८ सम्मको उपलब्धि |  | लगानी प्रतिबद्धता रकमको आधारमा प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
|  | आयोजना सङ्ख्या र जडित क्षमता | लगानी प्रतिबद्धता रकम (रु. करोडमा) | आयोजना सङ्ख्या र जडित क्षमता | लगानी प्रतिबद्धता रकम (रु. करोडमा) | आयोजना सङ्ख्या र जडित क्षमता | लगानी प्रतिबद्धता रकम (रु. करोडमा) |  |  |
| निजी क्षेत्रबाट प्रवर्द्धित आयोजनाहरुमा स्वपुँजी लगानी | कुल ५६५ मेगावाटका ८ वटा आयोजना | ५०९ | कुल ४०५ मेगावाटका ६ वटा आयोजना | ३६५ | कुल ८२.५ मेगावाटका २ वटा आयोजना | ७० | १९% | नुप्चे लिखु (५० करोड), सेती (२० करोड) |
| सरकारी स्वामित्वका संस्थाबाट प्रवर्द्धित आयोजनाहरुमा स्वपुँजी लगानी | कुल १६४० मेगावाटका ५ वटा आयोजना | १६४० | कुल ११४० मेगावाटका ४ वटा आयोजना | १२२१ | कुल १३३८ मेगावाटका ३ वटा आयोजना | अनुमानित ३३०० | २७०% | फुकोट कर्णाली (स्वपुँजीको १०%), माडी जलाशय (स्वपुँजीको २६%) र तमोर जलाशय (स्वपुँजीको ५१%) |
| आयोजनामा ऋण लगानी | कुल १०३२.५ मेगावाटका १८ वटा आयोजना | १४४६ | कुल ८८० मेगावाटका १५ वटा आयोजना | १२३२ | कुल ८३.१ मेगावाटका ३ वटा आयोजना | २५० | २०% | अपर त्रिशुली ३बी (१५० करोड), तल्लो लिखु (८० करोड), माथिल्लो सोलु (२० करोड) |

# अनुसूची-२

## लगानी प्रतिबद्धता र लगानी रकमको प्रक्षेपण

| क्र.सं. | विवरण | एकाई | ०७७/७८ सम्म | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ४ वर्षको लक्ष्य | ०८१/८२ सम्म |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | **शेयर लगानी** | | | | | | | | |
| १.१ | **निजी क्षेत्रबाट प्रवर्द्धित आयोजनाहरुमा शेयर लगानी** | | | | | | | | |
| | कुल जडित क्षमता | मेगावाट | ८३ | ४३० | ९४ | ३५६ | ११० | **९८९** | **१०७२** |
| | लगानी प्रतिबद्धता | रु. करोड | ७० | ३७७ | ८४ | २०० | ९९ | **७६०** | **८३०** |
| | लगानी प्रवाह | रु. करोड | ३५ | ३५ | ९४ | १७२ | २१६ | **५१७** | **५५२** |
| १.२ | **सरकारी क्षेत्रबाट प्रवर्द्धित आयोजनाहरुमा शेयर लगानी** | | | | | | | | |
| | कुल जडित क्षमता | मेगावाट | १४८७ | १०६ | ४३९ | ६० | ६८५ | १२९० | २७७७ |
| | लगानी प्रतिबद्धता | रु. करोड | ३९३५ | ११७ | २४१ | ६६ | ५८१ | १००५ | ४९४० |
| | लगानी प्रवाह | रु. करोड | ७९ | ५० | १५५ | ३३८ | ४९७ | १०४१ | ११२० |
| १.३ | **जलविद्युत आयोजनामा जम्मा शेयर लगानी (१.१ + १.२)** | | | | | | | | |
| | कुल जडित क्षमता | मेगावाट | १५७० | ५३६ | ५३३ | ४१६ | ७९५ | २२७९ | ३८४९ |
| | लगानी प्रतिबद्धता | रु. करोड | ४००५ | ४९४ | ३२६ | २६६ | ६८० | १७६५ | ५७७० |
| | लगानी प्रवाह | रु. करोड | ११४ | ८५ | २५० | ५१० | ७१३ | १५५७ | १६७२ |
| २ | **ऋण लगानी** | | | | | | | | |
| | कुल जडित क्षमता | मेगावाट | ३९६ | १८६ | २८९ | ३६१ | १३५१ | **२१८७** | २५८३ |
| | लगानी प्रतिबद्धता | रु. करोड | ७१२ | ५०५ | ६३४ | ७७९ | १६२३ | **३५४०** | ४२५२ |
| | लगानी प्रवाह | रु. करोड | ४२० | १५६ | १२९ | २१८ | ३२९ | **८३२** | १२५३ |
| ३ | **जलविद्युत आयोजनामा जम्मा लगानी (१ + २)** | | | | | | | | |
| | **कुल जडित क्षमता** | **मेगावाट** | **१९६५** | ७२२ | ८२२ | ७७७ | २१४६ | ४४६६ | ६४३१ |
| | **लगानी प्रतिबद्धता** | **रु. करोड** | **४७१७** | ९९९ | ९५९ | १०४५ | २३०२ | ५३०५ | १००२२ |
| | **लगानी प्रवाह** | **रु. करोड** | **५३५** | २४१ | ३७८ | ७२८ | १०४२ | २३९० | २९२४ |
| ४ | **जलविद्युतसँग सम्बन्धित अन्य कम्पनीहरुमा शेयर लगानी** | | | | | | | | |
| | लगानी प्रतिबद्धता | रु. करोड | ९२ | – | – | – | – | **–** | **९२** |
| | लगानी प्रवाह | रु. करोड | ३६ | – | १६ | १ | २० | **३७** | **७२** |
| ५ | **जम्मा लगानी (३ + ४)** | | | | | | | | |
| | **लगानी प्रतिबद्धता** | **रु. करोड** | ४८०९ | ९९९ | ९५९ | १०४५ | २३०२ | ५३०५ | १०११४ |
| | **लगानी प्रवाह** | **रु. करोड** | ५७० | २४१ | ३९४ | ७२८ | १०६२ | २४२६ | २९९७ |

# अनुसूची- ३
## वित्तीय प्रक्षेपण

### वासलात

रकम रु. हजारमा

| विवरण | अनुमानित * | प्रक्षेपित ** | | | |
|---|---|---|---|---|---|
| | आ.व. | आ.व. | आ.व. | आ.व. | आ.व. |
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| सम्पति र उपकरण | १२,६८६ | १४,८१७ | १३५,३८२ | १३५,९४८ | १३६,५१४ |
| शेयर लगानी | १,४९८,८९० | २,३४८,८९० | ५,००४,०८० | १०,१११,१०९ | १७,४३९,९१४ |
| कर्पोरेट बण्ड लगानी | ८०,००० | ८०,००० | ८०,००० | ८०,००० | ८०,००० |
| ऋण लगानी | ४,१६०,८९६ | ५,७०९,५१२ | ६,९८३,७१३ | ९,१३८,८६८ | १२,४००,२५८ |
| अनलेण्डिङ्ग ऋण | १,२५५,१०८ | १,२५५,१०८ | - | - | - |
| चालू सम्पति | | | | | |
| अग्रिम भुक्तानी, पेश्की तथा पाउनुपर्ने हिसाब | १,१२९,९०६ | १,२४२,८९६ | १,३६६,६१८ | १,४७८,९२६ | १,५९३,३९८ |
| मुद्दति निक्षेप | १०,७०१,२४४ | १४,३४३,४६२ | १०,४५७,१९२ | १२,७०६,९७२ | ७,३२५,६७१ |
| नगद तथा बैंक मौज्दात | १,१८९,०२७ | १,५९३,७१८ | १,१६१,९१० | १,४११,८८६ | ८१३,९६३ |
| **जम्मा सम्पति** | **२०,०२७,७५६** | **२६,५८८,४०३** | **२५,१८८,८९६** | **३५,०६३,७०८** | **३९,७८९,७१९** |
| पूँजी तथा दायित्व | | | | | |
| पूँजी | | | | | |
| चुक्ता पूँजी | १६,५००,००० | २२,०००,००० | २२,०००,००० | २२,०००,००० | २२,०००,००० |
| शेयर लगानी वापत पेश्की | - | - | - | - | - |
| जगेडा तथा कोषहरु | १,७४८,८६१ | २,७५७,१२८ | २,५४७,२०५ | २,३५४,३७७ | २,०२१,९८८ |
| **दायित्व** | | | | | |
| बाह्य ऋण | - | - | - | १०,०००,००० | १५,०००,००० |
| अनलेण्डिङ्ग ऋण | १,२५५,१०८ | १,२५५,१०८ | - | - | - |
| अन्य गैह चालु दायित्व | १०,००० | १२,५०० | १५,६२५ | १९,५३१ | २४,४१४ |
| चालु दायित्व | | | | | |
| भुक्तानी गर्नुपर्ने रकम | ५१३,७८८ | ५६३,६६७ | ६२६,०६७ | ६८९,८०१ | ७४३,३१८ |
| **जम्मा पूँजी तथा दायित्व** | **२०,०२७,७५६** | **२६,५८८,४०३** | **२५,१८८,८९६** | **३५,०६३,७०८** | **३९,७८९,७१९** |

## नाफा नोक्सान हिसाबः

रकम रु. हजारमा

| विवरण | अनुमानित * | प्रक्षेपित ** | | | |
|---|---|---|---|---|---|
| | आ.व. | आ.व. | आ.व. | आ.व. | आ.व. |
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| आम्दानी | | | | | |
| शेयर लगानीबाट आम्दानी | १०,७७३ | १०,७७३ | ६४,४३८ | ६५,३७५ | ११५,३७५ |
| ऋण लगानीबाट आम्दानी | ३४५,१४६ | ४४०,५३२ | ५४४,९११ | ८१४,२७२ | १,०८७,८३५ |
| बैंक ब्याज आम्दानी | ९४६,३९१ | १,१६५,१९६ | ८२४,८११ | ७४८,७१९ | ७६३,१४६ |
| अन्य आम्दानी | ३९९ | २,१०० | ३०,००० | ५०,००० | ५०,००० |
| **कुल आम्दानी** | **१,३०२,७०९** | **१,६१८,६०१** | **१,४६४,१५९** | **१,६७८,३६६** | **२,०१६,३५६** |
| न्यूनः | | | | | |
| कर्मचारी खर्च | (२८,३२४) | (३७,६३३) | (५६,४४९) | (६७,७३९) | (७४,५१३) |
| सञ्चालन तथा प्रशासनिक खर्च | (२९,४७५) | (५३,३३८) | (८०,००७) | (९६,००८) | (१०५,६०९) |
| वित्तीय खर्च | - | - | - | (१५०,०००) | (६७५,०००) |
| ह्रास कट्टी र परिशोधन | (५,२१४) | (४,४३४) | (४,४३४) | (४,४३४) | (४,४३४) |
| कर्जामा सम्भावित जोखिम व्यवस्था | (५,३६१) | (१५,६४३) | (१२,८७१) | (२१,७६९) | (३२,९४३) |
| कर्मचारी वोनस व्यवस्था | (५८,७७८) | (७१,७८८) | (६२,४००) | (६३,७३४) | (५३,५१७) |
| **आय कर अघिको मुनाफा** | **१,१७५,५५८** | **१,४३५,७६५** | **१,२४७,९९९** | **१,२७४,६८१** | **१,०७०,३३९** |
| आय कर खर्च | (३४९,४३६) | (४२७,४९८) | (३५७,९२२) | (३६७,५०९) | (३०२,७२९) |
| **यस अवधिको मुनाफा** | **८२६,१२३** | **१,००८,२६८** | **८९०,०७६** | **९०७,१७२** | **७६७,६११** |

| **नाफा नोक्सान बाँडफाँड हिसाब** | | | | | |
|---|---|---|---|---|---|
| गत वर्षसम्मको संचित | १,०६८,०५५ | १,७४८,८६१ | २,७५७,१२८ | २,५४७,२०५ | २,३५४,३७७ |
| यस वर्षको मुनाफा | ८२६,१२३ | १,००८,२६८ | ८९०,०७६ | ९०७,१७२ | ७६७,६११ |
| जम्मा | १,८९४,१७८ | २,७५७,१२८ | ३,६४७,२०५ | ३,४५४,३७७ | ३,१२१,९८८ |
| लाभांश/वोनस शेयर (चालू आ.व.मा वितरण) | - | - | १,१००,००० | १,१००,००० | १,१००,००० |
| समायोजन | (१४५,३१७) | - | - | - | - |
| वासलातमा सारिएको संचित मुनाफा | १,७४८,८६१ | २,७५७,१२८ | २,५४७,२०५ | २,३५४,३७७ | २,०२१,९८८ |

## प्रति शेयर नेटवर्थ, प्रति शेयर आम्दानी, नेटवर्थमा औसत प्रतिफलः

रकम रु. हजारमा

| विवरण | अनुमानित * | प्रक्षेपित ** | | | |
|---|---|---|---|---|---|
| | आ.व. | आ.व. | आ.व. | आ.व. | आ.व. |
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| चुक्ता पूँजी | १६,५००,००० | २२,०००,००० | २२,०००,००० | २२,०००,००० | २२,०००,००० |
| जगेडा तथा कोषहरु | १,७४८,८६१ | २,७५७,१२८ | २,५४७,२०५ | २,३५४,३७७ | २,०२१,९८८ |
| कुल | १८,२४८,८६१ | २४,७५७,१२८ | २४,५४७,२०५ | २४,३५४,३७७ | २४,०२१,९८८ |
| न्यूनः अपलेखन गर्न बाँकी खर् | - | - | - | - | - |
| कुल नेटवर्थ | १८,२४८,८६१ | २४,७५७,१२८ | २४,५४७,२०५ | २४,३५४,३७७ | २४,०२१,९८८ |
| शेयर संख्या (हजारमा) | १६५,००० | २२०,००० | २२०,००० | २२०,००० | २२०,००० |
| शेयर लगानी वापत पेश्की | - | - | - | - | - |
| प्रति शेयर नेट वर्थ (रु.) | ११०.६० | ११२.५३ | १११.५८ | ११०.७० | १०९.१९ |
| प्रति शेयर आम्दानी (रु.) | ५.०१ | ४.५८ | ४.०५ | ४.१२ | ३.४९ |
| नेट वर्थमा औसत प्रतिफल | ४.५% | ४.१% | ३.६% | ३.७% | ३.२% |

## प्रक्षेपित वित्तीय विवरणहरु तयार गर्दाका आधार एवं अनुमानहरुः

१. कम्पनीबाट जारी प्रस्तावित हकप्रद शेयर रकममध्ये नेपाल सरकारबाट भुक्तानी गरिनु पर्ने रु. ५५० करोड प्राप्त भइसकेकोले सो रकमलाई चुक्ता शेयर पुँजीमा समावेश गरिएको छ।

२. चालू आर्थिक वर्षको जेठ मसान्तसम्मको यथार्थ आम्दानी, लगानी र खर्चको आधारमा आर्थिक वर्ष २०७७/७८ को अनुमानित वित्तीय विवरण तयार गरिएको छ र आर्थिक वर्ष २०७८/७९ देखि २०८१/८२ सम्म गरी ४ वर्षको प्रक्षेपित वित्तीय विवरण पेश गरिएको छ।

३. विभिन्न निजी तथा सरकारी निकायहरुबाट अध्ययनका विभिन्न चरणमा रहेका जलविद्युत आयोजनाहरुलाई आधार मानी निजी क्षेत्र तथा सरकारी निकाय गरी दुई समूहमा आयोजनाहरु वर्गीकरण गरी सो आयोजनाहरुमा शेयर वा ऋण लगानी गर्ने प्रक्षेपण गरिएको छ।

४. कम्पनीको लगानी योजना अनुसार आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्ममा कुल ६४३१ मेगावाट क्षमताका ४६ वटा जलविद्युत आयोजनाहरुमा रु. १००.२२ अर्ब रकम शेयर तथा ऋण लगानीको सम्झौता गर्ने र सो अवधिमा रु. २९.२६ अर्ब रकम लगानी प्रवाह गरिसक्ने प्रक्षेपण गरिएको छ।

५. निजी क्षेत्रबाट प्रवर्द्धित आयोजनाहरुमा शेयर पुँजीको अधिकतम २०% हुने गरी आयोजनाको आकार अनुसार रु. १५० करोडसम्म शेयर लगानी गर्ने अनुमान गरिएको छ। त्यसैगरी सरकारी निकायबाट प्रवर्द्धित आयोजनाहरुमा शेयर पुँजीको अधिकतम २०% हुने गरी आयोजनाको आकार अनुसार रु. ३०० करोडसम्म शेयर लगानी गर्ने अनुमान

गरिएको छ। कम्पनीबाट सहायक कम्पनीमार्फत् विकास गरिने आयोजनाहरुमा शेयर पुँजीको ५१% सम्म शेयर लगानी गर्ने अनुमान गरिएको छ। ऋण लगानी गर्ने आयोजनामा आयोजनाको आकार अनुसार जम्मा आवश्यक ऋण रकमको २०% सम्म ऋण लगानी गर्ने अनुमान गरिएको छ।

६. निजी क्षेत्रबाट प्रवर्द्धित आयोजनाहरुमा गरिने शेयर लगानी सम्बन्धित आयोजनामा पहिलो वर्ष प्रतिबद्धता रकमको २५%, दोस्रो वर्ष ४०% र तेस्रो वर्ष ३५% गरी भुक्तानी हुने अनुमान गरिएको छ। सरकारी निकायबाट प्रवर्द्धित आयोजनाहरुमा गरिने शेयर लगानी सम्बन्धित आयोजनामा पहिलो वर्ष प्रतिबद्धता रकमको १५%, दोस्रो वर्ष २५%, तेस्रो वर्ष ३०% र चौथो वर्ष ३०% गरी भुक्तानी हुने अनुमान गरिएको छ। २०० मेगावाटसम्मका आयोजनाहरुमा शेयर लगानी स्वीकृत भएको दोस्रो वर्षदेखि र सो भन्दा ठूला आयोजनाहरुमा शेयर लगानी स्वीकृत भएको तेस्रो वर्षदेखि रकम भुक्तानी शुरु हुने प्रक्षेपण गरिएको छ।

७. १०० मेगावाटसम्मका आयोजनाहरुमा गरिने ऋण लगानी सम्बन्धित आयोजनामा पहिलो वर्ष कुनै भुक्तानी गर्नु नपर्ने र दोस्रो वर्ष प्रतिबद्धता रकमको ३५%, तेस्रो वर्ष ३५% र चौथो वर्ष ३०% गरी भुक्तानी हुने अनुमान गरिएको छ। १०० मेगावाटभन्दा माथिका आयोजनाहरुमा पहिलो र दोस्रो वर्ष कुनै भुक्तानी गर्नु नपर्ने र तेस्रो वर्ष प्रतिबद्धता रकमको १५%, चौथो वर्ष ३०%, पाँचौं वर्ष २५% र छैठौं वर्ष ३०% गरी भुक्तानी हुन अनुमान गरिएको छ।

८. ऋण लगानी भएका १०० मेगावाटसम्मका आयोजनाहरुले व्यापारिक उत्पादन शुरु भएको १२ वर्षभित्र र सो भन्दा ठूला आयोजनाहरुले व्यापारिक उत्पादन शुरु भएको १५ वर्षभित्र ऋण चुक्ता गरिसक्ने प्रक्षेपण गरिएको छ।

९. शेयर लगानी गरिएका आयोजनाहरुबाट व्यापारिक उत्पादन शुरु भएको दोस्रो वर्षबाट वार्षिक १२.५% प्रतिफल प्राप्त हुने अनुमान गरिएको छ।

१०. ऋण लगानी गरिएका आयोजनाहरुबाट लगानी शुरु भएपश्चात् देखि नै आर्थिक वर्ष २०७८/७९ र २०७९/८० मा ८.५% र सो पश्चात् वार्षिक १०% ब्याज प्राप्त हुने अनुमान गरिएको छ।

११. कम्पनीबाट ऋण वा शेयर लगानी सम्झौता भई वितरण हुन बाँकी रहेको रकमलाई आवधिक रुपमा मुद्दती निक्षेपमा राख्ने र मुद्दती निक्षेपमा आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ मा वार्षिक ७% ब्याज प्राप्त हुने अनुमान गरिएको छ।

१२. आर्थिक वर्ष २०८०/८१ देखि कम्पनीले बाह्य ऋण लिनुपर्ने प्रक्षेपण गरिएको छ र स्वदेशी पुँजी बजारमा बण्ड जारी गर्ने, नेपाल सरकारबाट ऋण लिने र वैदेशिक तथा बहुराष्ट्रिय वित्तीय संस्थाहरुबाट सहुलियतपूर्ण ऋण लिने लगायतका वित्तीय उपकरणहरु मार्फत् ऋण उठाई जलविद्युत आयोजनाहरुमा लगानी गर्ने र सोको ब्याज वार्षिक ६% हुने प्रक्षेपण गरिएको छ।

१३. सञ्चालन र प्रशासनिक खर्चमा आर्थिक वर्ष २०७७/७८ को आधारमा आर्थिक वर्ष २०७८/७९ मा ३०% वृद्धि हुने र सो पश्चात् कर्मचारी खर्च तथा सञ्चालन र प्रशासनिक खर्च औसत रुपमा वार्षिक १०% ले वृद्धि हुँदै जाने अनुमान गरिएको छ।

# अनुसूची-४

## प्रमुख आयोजनाहरुको वार्षिक कार्यसूची

**घुन्सा खोला जलविद्युत आयोजना (७७.५ मेगावाट)**

| क.स | क्रियाकलाप | आर्थिक वर्ष | | | | | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७८/७९ | | | | २०७९/८० | | | | २०८०/८१ | | | | २०८१/८२ | | | | |
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | डिटेल्ड डीजाइन, डीपीआर, तथा बोलपत्र कागजात तयारी | ↔ | | | | | | | | | | | | | | | | |
| २ | विद्युत खरिद सम्झौता सम्पन्न गर्ने | ↔ | ↔ | | | | | | | | | | | | | | | |
| ३ | वित्तीय व्यवस्थापन गर्ने | | ↔ | | | | | | | | | | | | | | | |
| ४ | निजि जग्गा अधिग्रहण तथा सरकारी जग्गा प्राप्ति | ↔ | ↔ | ↔ | | | | | | | | | | | | | | |
| ५ | साइट आवास निर्माण | | | | ↔ | | | | | | | | | | | | | |
| ६ | सुपरभिजन कन्सल्टेन्ट छनौट | | | | ↔ | | | | | | | | | | | | | |
| ७ | सिभिल र हाइड्रोमेकानिकल ठेकेदार छनौट | | | ↔ | ↔ | | | | | | | | | | | | | |
| ८ | मुख्य निर्माण कार्य | | | | | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | करिव ७५% निर्माण सम्पन्न हुने |
| ९ | इलेक्ट्रोमेकानिकल सप्लायर छनौट | | | | | | ↔ | | | | | | | | | | | |
| १० | प्रशारण लाइनको डिजाइन सम्पन्न | | | ↔ | ↔ | ↔ | | | | | | | | | | | | |
| ११ | प्रशारण लाइनको लागि आवश्यक जग्गा अधिग्रहण | | | | | ↔ | ↔ | ↔ | | | | | | | | | | |
| १२ | प्रशारण लाईनको निर्माण कार्य | | | | | | | | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | करिव ५०% निर्माण सम्पन्न हुने |
| १३ | प्राथमिक शेयर निष्काशन | | | | | | | | | | | | | ↔ | ↔ | | | |

**सिम्बुवा खोला जलविद्युत आयोजना (७०.३ मेगावाट)**

| क.स | क्रियाकलाप | आर्थिक वर्ष | | | | | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७८/७९ | | | | २०७९/८० | | | | २०८०/८१ | | | | २०८१/८२ | | | | |
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | डीटेल्ड डीजाइन, डीपीआर, तथा बोलपत्र कागजात तयारी | ↔ | ↔ | | | | | | | | | | | | | | | |
| २ | विद्युत खरिद सम्झौता सम्पन्न गर्ने | | ↔ | | | | | | | | | | | | | | | |
| ३ | वित्तीय व्यवस्थापन गर्ने | | | | | ↔ | | | | | | | | | | | | |
| ४ | निजि जग्गा अधिग्रहण तथा सरकारी जग्गा प्राप्ति | ↔ | ↔ | ↔ | ↔ | | | | | | | | | | | | | |
| ५ | साइट आवास तथा पहुँचँ मार्ग निर्माण | ↔ | ↔ | ↔ | ↔ | ↔ | | | | | | | | | | | | |
| ६ | सुपरभिजन कन्सल्टेन्ट छनौट | | | | | ↔ | | | | | | | | | | | | |
| ७ | सिभिल र हाइड्रोमेकानिकल ठेकेदार छनौट | | | | ↔ | ↔ | | | | | | | | | | | | |
| ८ | मुख्य निर्माण कार्य | | | | | | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | करिव ६५% निर्माण सम्पन्न हुने |
| ९ | इलेक्ट्रोमेकानिकल सप्लायर छनौट | | | | | | | ↔ | | | | | | | | | | |
| १० | प्रशारण लाइनको डिजाइन तथा वातावरणीय अध्ययन सम्पन्न | | | ↔ | ↔ | ↔ | ↔ | ↔ | | | | | | | | | | |
| ११ | प्रशारण लाइनको लागि आवश्यक जग्गा अधिग्रहण | | | | | | | | ↔ | ↔ | ↔ | | | | | | | |
| १२ | प्रशारण लाईनको निर्माण कार्य | | | | | | | | | | | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | करिव ३०% निर्माण सम्पन्न हुने |
| १३ | प्राथमिक शेयर निष्काशन | | | | | | | | | | | | | | ↔ | ↔ | | |

## माडी जलाशययुक्त जलविद्युत आयोजना (१५६ मेगावाट)

| क.स | कियाकलाप | आर्थिक वर्ष २०७८/७९ प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | २०७९/८० प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | २०८०/८१ प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | २०८१/८२ प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पावरचाइनासँग जोइन्ट भेन्चर सम्झौता गर्ने | ↔ | | | | | | | | | | | | | | | | |
| २ | जोइन्ट भेन्चर कम्पनी स्थापना गर्ने | ↔ | ↔ | | | | | | | | | | | | | | | |
| ३ | विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न गर्ने | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | | | | | | | | | | |
| ४ | वातावरणीय प्रभाव मुल्याँकन अध्ययन सम्पन्न गर्ने | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | | | | | | | | | | |
| ५ | पुनर्वाश तथा पुनर्स्थापना योजना तयार गर्ने | | | | | ↔ | ↔ | ↔ | | | | | | | | | | |
| ६ | उत्पादन अनुमति प्राप्त तथा विद्युत खरिद सम्झौता गर्ने | | | | | | | | ↔ | ↔ | | | | | | | | |
| ७ | वित्तीय व्यवस्थापन गर्ने | | | | | | | | ↔ | ↔ | ↔ | | | | | | | |
| ८ | निजि जग्गा अधिग्रहण तथा सरकारी जग्गा प्राप्ति | | | | | | | | ↔ | ↔ | ↔ | | | | | | | |
| ९ | सुपरभिजन कन्सल्टेन्ट छनौट | | | | | | | | | | ↔ | | | | | | | |
| १० | छनौट | | | | | | | | | ↔ | ↔ | | | | | | | |
| ११ | मुख्य निर्माण कार्य | | | | | | | | | | | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | करिव २५% निर्माण हुने |
| १२ | इलेक्ट्रोमेकानिकल सप्लायर छनौट | | | | | | | | | | ↔ | ↔ | | | | | | |
| १३ | प्रशारण लाइनको डिजाइन तथा वातावरणीय अध्ययन सम्पन्न गर्ने | | | | | | | | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | | | |
| १४ | प्रशारण लाइनको लागि आवश्यक जग्गा अधिग्रहण | | | | | | | | | | | | | ↔ | ↔ | | | |
| १५ | प्रशारण लाईनको निर्माण कार्य | | | | | | | | | | | | | | | ↔ | ↔ | करिव १०% निर्माण हुने |

## तमोर जलाशययुक्त जलविद्युत आयोजना (७५६ मेगावाट)

| क.स | क्रियाकलाप | आर्थिक वर्ष २०७८/७९ प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | २०७९/८० प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | २०८०/८१ प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | २०८१/८२ प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पावर चाइनासँग जोइन्ट भेन्चर सम्झौता गर्ने | ↔ | | | | | | | | | | | | | | | |
| २ | जोइन्ट भेन्चर कम्पनी स्थापना | | ↔ | | | | | | | | | | | | | | |
| ३ | सर्वेक्षण अनुमति प्राप्त गर्ने | | ↔ | ↔ | | | | | | | | | | | | | |
| ४ | पूर्व सम्भाव्यता | ↔ | ↔ | ↔ | ↔ | | | | | | | | | | | | |
| ४ | विस्तृत सम्भाव्यता अध्ययन | | | | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | | | | | | |
| ५ | वातावरणीय प्रभाव मुल्याँकन अध्ययन सम्पन्न गर्ने | | | | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | | | | | | |
| ६ | पुनर्वाश तथा पुनर्स्थापना योजना र क्षतिपूर्ति प्रतिवेदन तयारी | | | | | | ↔ | ↔ | ↔ | ↔ | ↔ | | | | | | |
| ७ | उत्पादन अनुमति प्राप्त तथा विद्युत खरिद सम्झौता | | | | | | | | | | ↔ | ↔ | ↔ | | | | |
| ८ | वित्तीय व्यवस्थापन गर्ने | | | | | | | | | | | | | ↔ | ↔ | | |
| ९ | क्षतिपूर्ति वितरण र जग्गा प्राप्ति | | | | | | | | | | | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ |

## अनुसूची- ५

## प्रमुख क्रियाकलापहरुको कार्यान्वयन कार्ययोजना

**१. संस्थागत एवं संरचनागत रुपान्तरणः**

| प्रमुख कार्यनीति | क्रियाकलाप | समय सीमा | मूल्याङ्कन सूचक | अपेक्षित परिणाम |
|---|---|---|---|---|
| कम्पनीको संस्थागत एवं संरचनागत रूपान्तरण गर्न सम्भाव्यता अध्ययन गरी कम्पनीको उपयुक्त स्वरुप निर्धारण गर्ने। | सम्भाव्यता अध्ययन गर्ने। | पहिलो वर्ष | अध्ययन प्रतिवेदन। | कम्पनी नेपाल राष्ट्र बैङ्कको नियमन तथा सुपरीवेक्षणको दायरामा आउने |
| | अध्ययन प्रतिवेदन कार्यान्वयन गर्ने। | पहिलो वर्ष प्रारम्भ गरी दोस्रो वर्ष सम्पन्न गर्ने। | कार्यान्वयन प्रतिवेदन। | |
| लगानीमा केन्द्रित हुने गरी कम्पनीको कार्य क्षेत्र पुनरावलोकन गर्ने। | प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने । | पहिलो वर्ष प्रारम्भ गरी दोस्रो वर्ष सम्पन्न गर्ने। | संशोधित प्रबन्धपत्र र नियमावली। | कम्पनीको कार्य क्षेत्र प्रष्ट हुने। |
| नीति तथा कार्यविधिमा सुधार गर्ने। | मौजुदा नीति तथा कार्यविधिको पुनरावलोकन गर्ने | पहिलो वर्ष | संशोधित नीति तथा कार्यविधि | कम्पनीको कार्य प्रकृति अनुरुप नीति तथा कार्यविधिको पर्याप्तता हुने |
| | आवश्यकता अनुसार नयाँ नीति तथा कार्यविधि तर्जुमा गर्ने | दोस्रो वर्ष | तर्जुमा भएको नीति तथा कार्यविधि | |
| परियोजनाको DDA लगायत प्राविधिक एवं वित्तीय विश्लेषणको कार्यमा परामर्शदाताको सेवा प्रदान गर्ने। | आवश्यक पूर्वाधार र संयन्त्रको निर्माण गर्ने। | दोस्रो वर्ष | पूर्वाधारको अवस्था | कम्पनीको भूमिका वृद्धि हुने। |
| | लगानीकर्तासँग समझदारी सम्झौता (MOU) गर्ने। | दोस्रो वर्ष | समझदारी सम्झौता | |
| | परामर्श सेवा प्रारम्भ गर्ने। | दोस्रो वर्ष | सेवाको प्रारम्भ | |
| ऋण लगानीको दायरा विस्तार गर्न नेपाल राष्ट्र | प्रत्यक्ष लगानीको स्वीकृति प्राप्त गर्ने। | पहिलो वर्ष | स्वीकृति पत्र | कम्पनीको ऋण |

| प्रमुख कार्यनीति | क्रियाकलाप | समय सीमा | मूल्याङ्कन सूचक | अपेक्षित परिणाम |
|---|---|---|---|---|
| बैङ्कबाट स्वीकृति प्राप्त गर्ने। | सहवित्तीयकरणको नेतृत्वको स्वीकृति प्राप्त गर्ने। | तेस्रो वर्ष | स्वीकृति पत्र | लगानीको दायरा विस्तार हुने। |
| पचास मेगावाट वा सो भन्दा माथिका आयोजनाहरुमा मात्र ऋण वा स्वपूँजी लगानी गर्ने नीतिगत व्यवस्था गर्ने। | प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने। | दोस्रो वर्ष | संशोधित प्रबन्धपत्र र नियमावली। | कम्पनीको कार्य क्षेत्र प्रष्ट हुने। |
| कार्य प्रकृतिका आधारमा कम्पनीको ब्राण्डिङ्ग गर्ने | कार्य प्रकृतिका आधारमा कम्पनीको ब्राण्डिङ्ग गर्ने। | दोस्रो वर्ष | कम्पनीको ब्राण्ड। | कम्पनी प्रतिको विश्वसनीयता वृद्धि हुने। |
| कम्पनीको शेयर संरचनामा अन्तर्राष्ट्रिय रणनीतिक साझेदारलाई सहभागी गराउने। | सम्भावित लगानीकर्ताहरुको खोजी गर्ने तथा समझदारी सम्झौता गर्ने। | पहिलो वर्ष र दोस्रो वर्ष | समझदारी सम्झौता | कम्पनीमा अन्तर्राष्ट्रिय अनुभव र स्रोत साधन थप हुने। |
| | कम्पनीको पूँजी संरचना र अन्य कानूनी दस्तावेजहरुमा परिमार्जन गर्ने। | तेस्रो वर्ष र चौथो वर्ष | परिमार्जित कानूनी दस्तावेजहरु | |
| | कम्पनीको परिवर्तित स्वरूप बमोजिम कम्पनीको मौजुदा संरचनामा परिमार्जन गर्ने। | तेस्रो वर्ष र चौथो वर्ष | परिमार्जित संरचना | |

## २. रणनीतिक साझेदारीको विकासः

| प्रमुख कार्यनीति | क्रियाकलाप | समय सीमा | मूल्याङ्कन सूचक | अपेक्षित परिणाम |
|---|---|---|---|---|
| जलविद्युत आयोजनाको प्रवर्द्धन तथा विकास गर्ने सरकारी निकायहरूसँग रणनीतिक साझेदारीको विकास गर्ने। | नेपाल विद्युत प्राधिकरण। | दोस्रो वर्ष | समझदारी सम्झौता | लगानीयोग्य परियोजनाहरु पहिचान हुने। |
| | चिलिमे जलविद्युत कम्पनी लि.। | दोस्रो वर्ष | समझदारी सम्झौता | |
| | विद्युत विकास कम्पनी लि.। | पहिलो वर्ष | समझदारी सम्झौता | |
| | राष्ट्रिय प्रसारण ग्रीड कम्पनी लि.। | पहिलो वर्ष | समझदारी सम्झौता | |
| अन्तर्राष्ट्रिय संस्था एवं लगानीकर्ता लगायत गैरआवासीय नेपालीहरुसँग रणनीतिक साझेदारीको विकास गर्ने। | विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैङ्क लगायतका अन्तर्राष्ट्रिय लगानीकर्ताहरुसँग सहकार्य गर्ने। | दोस्रो वर्षदेखि नियमित | समझदारी सम्झौता | वैदेशिक वित्तीय स्रोत परिचालन हुने। |
| | गैरआवासीय नेपालीहरुको संघसँग सहकार्य गर्ने। | दोस्रो वर्षदेखि नियमित | समझदारी सम्झौता | वैदेशिक वित्तीय स्रोत परिचालन हुने। |
| संस्थागत लगानीकर्ताहरुसँग सहकार्य र साझेदारीको विकास गर्ने। | नेपाल ईन्फ्राष्ट्रकचर बैङ्क लि. | दोस्रो वर्षदेखि नियमित | समझदारी सम्झौता | संयुक्त लगानीका अवसरहरु विकास हुने। |
| | कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, राष्ट्रिय बीमा संस्थान | दोस्रो वर्षदेखि नियमित | समझदारी सम्झौता | |
| | अन्य संस्थागत लगानीकर्ताहरु | दोस्रो वर्षदेखि नियमित | समझदारी सम्झौता | |
| निजी क्षेत्रसँग सहकार्य र साझेदारीको विकास गर्ने। | स्वतन्त्र ऊर्जा उत्पादक संघसँग समझदारी सम्झौता गर्ने। | पहिलो वर्ष | समझदारी सम्झौता | लगानीयोग्य परियोजनाहरु पहिचान हुने। |

**३. दिगो एवं भरपर्दो वित्तीय स्रोतको परिचालनः**

| प्रमुख कार्यनीति | क्रियाकलाप | समय सीमा | मूल्याङ्कन सूचक | अपेक्षित परिणाम |
|---|---|---|---|---|
| हकप्रद शेयर जारी गर्ने प्रक्रिया सम्पन्न गर्ने। | बिक्री नभएको हकप्रद शेयर लिलामको प्रक्रियाबाट बिक्री गर्ने। | पहिलो वर्ष | चुक्ता पूँजी | साधारण सभाको निर्णय कार्यान्वयन हुने। |
| तुलनात्मक रूपमा सहुलियत दर र दीर्घकालीन प्रकृतिको वित्तीय स्रोत परिचालनमा जोड दिने। | वित्तीय स्रोत परिचालनको उपयुक्त प्रडक्टहरुको विकास र कार्यान्वयन गर्ने। | तेस्रो वर्षदेखि नियमित | परिचालन भएको वित्तीय स्रोत | लगानीयोग्य वित्तीय स्रोत परिचालन हुने। |
| कम्पनीले पहिचान गरेको कुनै खास परियोजनामा लगानीका लागि पावर बण्ड जारी गर्ने। | अनिवार्य तरलता अनुपात (SLR) मा गणना हुने व्यवस्थाका लागि प्रयास गर्ने। | तेस्रो वर्षदेखि नियमित | परिचालन भएको वित्तीय स्रोत | लगानीयोग्य वित्तीय स्रोत परिचालन हुने। |
| सर्टिफिकेट अफ डिपोजिट जारी गर्ने। | आवश्यक पूर्वाधार र संरचना तयार गरी नेपाल राष्ट्र बैङ्कको स्वीकृति लिने। | तेस्रो वर्षदेखि नियमित | परिचालन भएको वित्तीय स्रोत | लगानीयोग्य वित्तीय स्रोत परिचालन हुने। |
| कम्पनी मार्फत वैदेशिक लगानी ल्याउन प्रयास गर्ने। | अन्तर्राष्ट्रिय संस्थाहरु लगायत गैरआवासीय नेपाली एवं तिनीहरुको सङ्गठनसँग सहकार्य गर्ने। | तेस्रो वर्षदेखि नियमित | परिचालन भएको वित्तीय स्रोत | लगानीयोग्य वित्तीय स्रोत परिचालन हुने। |
| जलाशययुक्त आयोजनाको रुपमा निर्माणमा हुने लगानीका लागि Viability Gap Funding को प्रबन्ध गर्ने। | नेपाल सरकारबाट सहुलियत दरको ऋण तथा अनुदान प्राप्त गर्ने। | तेस्रो वर्षदेखि नियमित | परिचालन भएको वित्तीय स्रोत | जलाशययुक्त आयोजनाको निर्माणमा सहजता हुने। |

## ४. सुरक्षित र सन्तुलित लगानी व्यवस्थापनः

| प्रमुख कार्यनीति | क्रियाकलाप | समय सीमा | मूल्याङ्कन सूचक | अपेक्षित परिणाम |
|---|---|---|---|---|
| आयोजनाहरुको शेयर लगानीलाई पहिलो प्राथमिकतामा राखी लगानी संरचना तयार गर्ने। | तुलनात्मक रुपमा ठूला, सार्वजनिक निकायले प्रवर्द्धन गरेका तथा नेपाल सरकारले प्राथमिकतामा राखेका एवं परियोजना विकास सम्झौता (PDA) भएका आयोजनाहरुको खोजी गर्ने। | पहिलो वर्षदेखि नियमित | लगानी सम्झौता | लगानी वृद्धि हुने। |
| सरकारी प्राथमिकताका ठूला आयोजनामा संयुक्त ऋण लगानी गर्ने। | कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष लगायतका गैरबैङ्किङ वित्तीय संस्थाहरूसँग सहकार्य गर्ने। | पहिलो वर्षदेखि नियमित | लगानी सम्झौता | लगानी वृद्धि हुने। |
| सहवित्तीयकरणको नेतृत्व गर्ने। | नेपाल राष्ट्र बैङ्कको स्वीकृति लिने। | पहिलो वर्षदेखि नियमित | लगानी सम्झौता | लगानी वृद्धि हुने। |
| अन्तर्राष्ट्रिय विकास साझेदारहरूसँग मिली आयोजनामा संयुक्त लगानी विस्तार गर्ने। | अन्तर्राष्ट्रिय विकास साझेदारहरूसँग मिली आयोजनामा संयुक्त लगानी विस्तार गर्ने। | पहिलो वर्षदेखि नियमित | लगानी सम्झौता | लगानी वृद्धि हुने। |
| लगानीको विविधीकरण गर्ने। | विद्युत प्रसारण तथा वितरणसँग सम्बन्धित आयोजनाहरुमा लगानी विस्तार गर्ने। | पहिलो वर्षदेखि नियमित | लगानी सम्झौता | लगानी विविधीकरण हुने। |

## ५. क्षमता विकास, संस्थागत सुशासन र उत्पादकत्व अभिबृद्धिः

| प्रमुख कार्यनीति | क्रियाकलाप | समय सीमा | मूल्याङ्कन सूचक | अपेक्षित परिणाम |
|---|---|---|---|---|
| मानव संशाधन व्यवस्थापन तथा विकास | स्थायी कर्मचारीहरुको पदपूर्ति गर्ने। | पहिलो वर्षदेखि नियमित। | पदपूर्ति | कम्पनीमा स्थायी संयन्त्रको विकास हुने। |

| प्रमुख कार्यनीति | क्रियाकलाप | समय सीमा | मूल्याङ्कन सूचक | अपेक्षित परिणाम |
|---|---|---|---|---|
| | संशाधन व्यवस्थापन तथा विकास नीति लागू गर्ने। | दोस्रो वर्ष | लागू भएको नीति | वृत्ति विकास पूर्वानुमान हुने। |
| | सङ्गठनात्मक संरचना र दरबन्दीमा सुधार गर्ने। | तेस्रो वर्ष | नयाँ संरचना | कम्पनीको संरचनामा समसामयिक सुधार हुने। |
| | व्यवस्थापन उत्तराधिकार योजना तयार गर्ने। | दोस्रो वर्ष | तयार भएको योजना। | दक्ष र अनुभवी जनशक्तिको उपलव्धता सुनिश्चित हुने। |
| | कर्मचारीको सेवा सुविधामा समायनुकूल पुनरावलोकन गरी | दोस्रो वर्ष | पुनरावलोकन भएको सुविधा | कर्मचारीको सुविधा कार्यसम्पादनमा आधारित हुने। |
| उत्पादकत्व अभिवृद्धि | प्रमुख कर्यकारी अधिकृतसँग गर्ने कार्यसम्पादन करार र सोको मूल्याङ्कन कार्यविधिलाई कार्यमूलक र परिणाममुखी बनाउने गरी सुधार गर्ने। | पहिलो वर्षदेखि नियमित | कार्यसम्पादन सूचकहरु | कार्यसम्पादनमा सुधार हुने। |
| | व्यवस्थापकीय तहका कर्मचारीहरूसँग प्रमुख कार्यकारी अधिकृतले वार्षिक रूपमा कार्यसम्पादन करार गर्ने। | पहिलो वर्षदेखि नियमित | कार्यसम्पादन सूचकहरु | कार्यसम्पादनमा सुधार हुने। |
| | कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई वैज्ञानिक र वस्तुपरक बनाउने एवं कार्यसम्पादनमा | दोस्रो वर्ष | सुधार गरिएको प्रणाली | कार्यसम्पादनमा सुधार हुने। |

| प्रमुख कार्यनीति | क्रियाकलाप | समय सीमा | मूल्याङ्कन सूचक | अपेक्षित परिणाम |
|---|---|---|---|---|
| | आधारित प्रोत्साहन प्रणाली लागू गर्ने। | | | |
| | कार्यसञ्चालन निर्देशिका (SOP) तयार गरी निर्णय प्रक्रियालाई छिटो छरितो बनाउने। | दोस्रो वर्ष | लागू गरिएको SOP | कार्यसम्पादनमा सुधार हुने। |
| संस्थागत सुशासन प्रवर्द्धन | कर्मचारीको आचारसंहिता लागू गर्ने। | पहिलो वर्ष | आचारसंहिता | जिम्मेवारी र जवाफदेहिताको प्रवर्द्धन हुने। |
| | संस्थागत सुशासनसम्बन्धी कार्यविधि लागू गर्ने। | दोस्रो वर्ष | लागू गरिएको कार्यविधि | संस्थागत सुशासनमा प्रवर्द्धन हुने। |
| | लेखा नीति, लेखा शीर्षकहरूको सूची र लेखा निर्देशिका तयार गर्ने। | पहिलो वर्ष | लागू गरिएको नीति तथा निर्देशिका | वित्तीय प्रतिवेदन व्यवस्थित हुने। |
| | मौजुदा नीति, नियम तथा कार्यविधिहरुको आवधिक पुनरावालोकन गर्ने। | पहिलो वर्षदेखि नियमित | पुनरावलोकन भएका नीतिहरु | नीतिहरु व्यवस्थित र अध्यावधिक हुने। |
| | कम्पनीका गतिविधिहरुको नेपाल राष्ट्र बैङ्कबाट नियमित रुपमा सुपरीवेक्षण हुने व्यवस्था गर्ने। | पहिलो वर्षदेखि नियमित | राष्ट्र बैङ्कबाट भएको सुपरीवेक्षण | संस्थागत सुशासनमा प्रवर्द्धन हुने। |
| | सहायक कम्पनीहरुका गतिविधिको सूक्ष्म निगरानी गर्न उपयुक्त संयन्त्र र पद्धतिको विकास गर्ने। | पहिलो वर्षदेखि नियमित | विकास गरिएको संयन्त्र र पद्धति | अनुगमन तथा मूल्याङ्कन प्रभावकारी हुने। |
| | कम्पनीका गतिविधिहरुको | पहिलो वर्षदेखि नियमित | त्रैमासिक विवरण | सार्वजनिक जवाफदेहिता र |

| प्रमुख कार्यनीति | क्रियाकलाप | समय सीमा | मूल्याङ्कन सूचक | अपेक्षित परिणाम |
|---|---|---|---|---|
| | त्रैमासिक प्रगति विवरण तयार गरी सरोकारवाला निकायहरुका अनिवार्य रुपमा पठाउने व्यवस्था गर्ने। | | | विश्वसनीयता प्रभावकारी हुने। |
| | वर्षमा कम्तीमा एक पटक संस्थागत लगानीकर्ताहरु, सरोकारवाला निकायहरु तथा आधारभूत शेयरधनीहरुसँग बैठक बसी कम्पनीका गतिविधिहरुको समीक्षा गर्ने। | पहिलो वर्षदेखि नियमित | समीक्षा बैठक | सार्वजनिक जवाफदेहिता र विश्वसनीयता प्रभावकारी हुने। |
| | समयमै आन्तरिक तथा बाह्य लेखापरीक्षण सम्पन्न गराई लेखापरीक्षण प्रतिवेदनका सुझावहरुको यथाशीघ्र कार्यान्वयन गर्ने। | पहिलो वर्षदेखि नियमित | लेखापरीक्षण प्रतिवेदन | सार्वजनिक जवाफदेहिता र विश्वसनीयता प्रभावकारी हुने। |
| | सूचीकृत कम्पनीको लागि लागू हुने अनुपालना सम्बन्धित व्यवस्थाहरु पूर्ण पालनाको सुनिश्चित गर्ने। | पहिलो वर्षदेखि नियमित | अनुपालना सम्बन्धी प्रतिवेदनहरु | सार्वजनिक जवाफदेहिता र विश्वसनीयता प्रभावकारी हुने। |
| विद्युतीय प्रणालीको प्रयोग | मौजुदा Enterprise Resource Planning (ERP) मा सुधार गर्ने। | पहिलो वर्ष | सुधार प्रतिवेदन | व्यवस्थापन सूचना प्रणाली प्रभावकारी हुने। |
| | Disaster Recovery Site को व्यवस्था गर्ने। | दोस्रो वर्ष | Disaster Recovery Site | डाटाहरु सुरक्षित हुने। |
| | सूचना तथा सञ्चार | पहिलो वर्ष | ICT Policy | विद्युतीय |

| प्रमुख कार्यनीति | क्रियाकलाप | समय सीमा | मूल्याङ्कन सूचक | अपेक्षित परिणाम |
|---|---|---|---|---|
| | व्यवस्थापन सम्बन्धी नीति (ICT Policy) तयार गरी लागू गर्ने। | | | प्रणालीको उपयोग प्रभावकारी हुने। |
| सम्पत्ति व्यवस्थापन | स्थायी भौतिक संरचनाको निर्माण गर्ने। | तेस्रो वर्षदेखि नियमित | स्थायी संरचना | सम्पत्ति व्यवस्थापन प्रभावकारी हुने। |
| | सम्पत्तिको व्यवस्थापन र उपयोग सम्बन्धी निर्देशिका लागू गर्ने। | दोस्रो वर्ष | लागू भएको निर्देशिका | सम्पत्ति व्यवस्थापन प्रभावकारी हुने। |
| | सम्पत्ति तथा दायित्व व्यवस्थापन समितिलाई क्रियाशील बनाउने। | पहिलो वर्षदेखि नियमित | समितिको बैठक संख्या | सम्पत्ति व्यवस्थापन प्रभावकारी हुने। |
| क्षमता अभिवृद्धि | प्राविधिक जनशक्तिको सीप र दक्षता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने। | पहिलो वर्षदेखि नियमित | सञ्चालन भएको कार्यक्रम | कर्मचारीको कार्य क्षमता र दक्षता अभिवृद्धि हुने। |
| | सहवित्तीयकरणको नेतृत्व गर्न तथा आयोजनाको विश्लेषण सम्बन्धी परामर्श सेवा प्रदान गर्न उपयुक्त संरचना विकास गरी क्षमता अभिवृद्धि गर्ने। | दोस्रो वर्षदेखि नियमित | सञ्चालन भएको कार्यक्रम | |
| | कर्मचारीको ज्ञान र क्षमता विकास एवं अनुभवको आदान प्रदानका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुसँग सहकार्य गर्ने। | पहिलो वर्षदेखि नियमित | सञ्चालन भएको कार्यक्रम | |
| | वर्षमा कम्तीमा एक पटक सञ्चालक शिक्षा कार्यक्रम लागू गर्ने। | दोस्रो वर्षदेखि नियमित | सञ्चालन भएको कार्यक्रम | |

| प्रमुख कार्यनीति | क्रियाकलाप | समय सीमा | मूल्याङ्कन सूचक | अपेक्षित परिणाम |
|---|---|---|---|---|
| जोखिम व्यवस्थापन | जोखिम व्यवस्थापन कार्यविधिमा सुधार गर्ने। | दोस्रो वर्ष | सुधार भएको कार्यविधि | जोखिम व्यवस्थापन प्रभावकारी हुने। |
| | लगानी गरिएका आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी र वस्तुपरक बनाउने। | पहिलो वर्ष | अनुगमन तथा मूल्याङ्कन संख्या | |
| | अनुगमन तथा मूल्याङ्कन तथा जोखिम विश्लेषणका लागि उपयुक्त संरचनाको विकास गर्ने। | पहिलो वर्ष | विकास गरिएको संरचना | |
| खर्च नियन्त्रण | खर्च सम्बन्धी मापदण्ड तयार गरी लागू गर्ने। | पहिलो वर्ष | लागू गरिएको मापदण्ड | कार्यसञ्चालन मितव्ययी र प्रभावकारी हुने। |
| | निर्णय प्रक्रियालाई क्रमशः कागजरहित बनाउने। | दोस्रो वर्षदेखि नियमित | ERP कार्यान्वयनको अवस्था | |